सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ माघ २०८१, शनिबार (8 Feb 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्याउनयाँ

रंगशाला सफाइमा तीन पुस्ता

नेपथ्यबाट

● शान्ति तामाङ

क्यामेराको लेन्समा दृश्य कैद गर्ने हुटहुटीले सगरमाथा शिखर पुगैं



● पूर्णिमा श्रेष्ठ आरोही

जाइफललालका नियमहरू



● रवि मिश्र

गृहमन्त्री र आइजिपीमाथि छानबिन गर्न सदनमा आवाज, सानेपामा नाराबाजी

जातीय विभेद निरुत्साहन गर्ने जिम्मेवारीमा रहेका गृहमन्त्री र आइजिपीको भूमिकामाथि सांसदहरूको प्रश्न, छानबिनको दायरामा ल्याउन माग

● **प्रकाश ज्वाला**, सांसद, एकीकृत समाजवादी



सत्येन्द्र-नेहाको विवाहलाई सर्वोच्च अदालतले वैधता दिएको छ। नेपालमा न्याय मरेको छैन भन्ने पुष्टि भएको छ। तर, मुम्बईबाट पक्राउ गरी यातना दिन निर्देशन दिने गृहमन्त्री र अन्य संलग्न व्यक्तिमाथि छानबिन गरी कारबाही गर्नुपर्छ।

● **नारायणी शर्मा**, सांसद, माओवादी



वयस्क नागरिकलाई जीवनको निर्णय गर्ने अधिकार हुन्छ। अन्तरजातीय विवाहलाई अपहेलना गर्ने सरकारप्रति आपत्ति छ। सरकारले उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार ग्यारेन्टी गरोस्।

● **प्रभु साह**, सांसद, आम जनता पार्टी



दुईतिहाइको बलियो सरकारले भारतबाट सत्येन्द्र र नेहालाई पत्ता लगाउन सक्यो र ल्याउन सक्यो। प्रेम गर्ने जोडीलाई खोज्न सक्नेले माघ १७ गतेदेखि बेपत्ता बारा जितपुरका तीन वर्षीय बालक रितेश चौधरीको पोजिसन किन पत्ता लगाउन सकेन ?

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

अन्तरजातीय बिहे गर्ने सर्लाहीका सत्येन्द्र राम (चमार) र नेहा रौनियारमाथि राज्यसंयन्त्रको दुरुपयोग गरेर अत्याचार गर्न निर्देशन दिने गृहमन्त्री रमेश लेखक र आइजिपी वसन्तबहादुर कुँवरमाथि छानबिन गरी कारबाही गर्न संसद्मा आवाज उठेको छ। सडकका आन्दोलनकारीले कांग्रेस केन्द्रीय कार्यालयमै पुगेर गृहमन्त्रीलाई बर्खास्त गर्न माग गरेका छन्।

» पृष्ठ २ मा क्रमशः



कांग्रेस केन्द्रीय कार्यालय सानेपामा प्रदर्शन गर्दै दलित अधिकारकर्मीहरू

■ गृहमन्त्री लेखकको बर्खास्तीको माग गर्दै कांग्रेस मुख्यालयमा अधिकारकर्मीको नाराबाजी

अन्तरजातीय विवाह गरेका जोडीमाथि राज्यसंयन्त्रको चरम दुरुपयोग गर्दै अत्याचार गरेको भन्दै दलित अधिकारकर्मीहरूले कांग्रेस केन्द्रीय कार्यालय सानेपामा शुक्रबार नाराबाजीसहित प्रदर्शन गरेका छन्। दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनार नेतृत्वको टोली माइतीघरबाट पैदल मार्च गर्दै सानेपा पुगेको थियो। उनीहरूले 'जातीय हिंसामा संलग्न गृहमन्त्रीलाई बर्खास्त गर', 'दलित हिंसा गर्ने गृहमन्त्रीलाई कारबाही गर', 'दलित हिंसा गर्ने गृहमन्त्री राजीनामा दे'लगायतका प्लेकार्डसहित नाराबाजी गरेका थिए। उनीहरूले गृहमन्त्री लेखकलाई कारबाहीको माग गर्दै चेतावनीपत्र पनि कांग्रेसलाई बुझाएका छन्। सत्येन्द्र-नेहाले आफूहरूमाथि गृहमन्त्रीकै निर्देशनमा राज्यबाट पटकपटक पक्राउ गर्दै ज्यादती गरिएको बताएका छन्। गृहमन्त्री लेखक र आइजिपी कुँवरकै निर्देशनमा मुम्बई घुम्न गएका सत्येन्द्र र नेहालाई पक्राउ गर्न नेहाका बुबा सुरेन्द्र रौनियारको खर्चमै तत्कालीन डिएसपी रुगम कुँवरको नेतृत्वमा विशेष प्रहरी टोली पठाइएको थियो। जबकि यस्तो टोली गम्भीर अपराधमा संलग्न फरार अभियुक्तलाई पक्राउ गर्न गृहमन्त्री र आइजिपीको निर्देशनमा मात्रै पठाइने गरिन्छ।

■ अन्तरजातीय बिहे अस्वीकार गर्दा निम्तिएका गम्भीर अपराध

■ प्रेमविवाह असफल भएपछि सप्तरीमा दलित युवतीले गरेकी थिइन् आत्महत्या



■ अन्तरजातीय विवाह विवादमा रुकुममा भएको थियो ६ जनाको हत्या



■ अन्तरजातीय विवाहका कारण सप्तरीका मनोज राम कारागार पुऱ्याइएका थिए

■ अन्तरजातीय बिहे अस्वीकार गर्दा बुबाआमाकै हत्या



■ साढे आठ वर्षदेखि न्यायको पर्खाइमा अजित मिजारको परिवार

■ परिवारले अस्वीकार गर्दा निम्त्याएको थियो हत्या र आत्महत्या



● **जेबी विश्वकर्मा**
मानव अधिकारवादी अभियन्ता

सुरुमा युवायुवती भावनामा बहकिएर विवाह गर्छन्। कतिपय सन्दर्भमा यी नैसर्गिक अधिकारका सवाल पनि होलान्। तर, यसले उनीहरूको सम्बन्धमा बिस्तारै समस्या पैदा गराउँदै लैजान्छ। व्यक्तिभित्र अन्तरनिहित विभेदका अंश प्रस्फुटन हुनु यसको मुख्य कारण हो। उसले भन्न त जात मान्दिनँ भन्छ, तर जब आफैंलाई पर्छ अनि ऊ जाति प्रथामा समाहित हुन्छ। यस किसिमको मनोसामाजिक र मनोसांस्कृतिक पक्ष समाजमा अझै जीवित छ। अहिले भएको त्यही हो।

टेकराज थामी/नयाँ पत्रिका

नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभावविरुद्धको हकलाई मौलिक हकअन्तर्गत राखिएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनअनुसार अन्तरजातीय विवाहमा रोक लगाउन पाइँदैन। तर, व्यवहारमा पटक-पटक समस्या आएका छन्। यतिसम्म कि अन्तरजातीय विवाह अस्वीकार हुँदा त्यसले अपराधसमेत निम्त्याउने गरेको छ। कतिपयले अन्तरजातीय विवाहकै कारण ज्यान गुमाएका छन्।

अन्तरजातीय विवाहमा समस्या आउनुमा समाजमा विद्यमान मनोसामाजिक र मनोसांस्कृतिक कारण मुख्य रहेको मानव अधिकारीवादी अभियन्ता जेबी विश्वकर्मा बताउँछन्। 'सुरुमा युवायुवती भावनामा बहकिएर विवाह गर्छन्। कतिपय सन्दर्भमा यी नैसर्गिक अधिकारका सवाल पनि होलान्। तर, यसले उनीहरूको सम्बन्धमा बिस्तारै समस्या

» पृष्ठ २ मा क्रमशः

विपिन रिहाइको पहल

अरब संसद्का अध्यक्षलाई सभामुख घिमिरेको चिठी, परराष्ट्रमन्त्रीको फोनवार्ता

काठमाडौं/ अरब संसद्का अध्यक्ष मोहम्मद अहमद अल-यमाहीलाई सभामुख देवराज घिमिरेले शुक्रबार लेखेको पत्रमा छ, 'नेपाल र अरब लिगबिचको सौहार्दपूर्ण सम्बन्धलाई ध्यानमा राख्दै म तपाईंलाई अक्टोबर ७, २०२३ देखि हमासद्वारा बन्दी बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको यथाशीघ्र रिहाइका लागि पहल र सहयोगका लागि अनुरोध गर्दछु।' अरब संसद् हमास समूहसँग सम्पर्कमा रहेको मानिन्छ। यसैगरी, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बिहीबार राति इरानका विदेशमन्त्री सय्यद अब्बास अराघ्चीसँग फोनवार्ता गर्दै जोशी रिहाइको प्रयास गरिदिन अनुरोध गरेकी छिन्।



आवासीय चिकित्सकको निर्वाह भत्ता बढाउने निर्णय

निजी मेडिकल कलेजका आवासीय चिकित्सकको सुविधा पनि सरकारी (आठौं तह)सरह मासिक ४८ हजार रुपैयाँ कायम

शिवहरि घिमिरे/नयाँ पत्रिका

चिकित्सा शिक्षा आयोगको बैठकले निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई सरकारीसरह (आठौं तह) निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरेको छ। शुक्रबारको आयोगको बैठकले उनीहरूको भत्ता बढाउने निर्णय गरेको हो। तर, निजी मेडिकल कलेजहरूले भने यो निर्णय कार्यान्वयन गर्न नसकिने जनाएका छन्।

निजी मेडिकल कलेजका सञ्चालक भन्छन्- **निर्णय कार्यान्वयन गर्न सक्दैनौं**

निजी मेडिकल कलेजमा अध्ययनरत चिकित्सकले देशव्यापी आन्दोलन सुरु गरेपछि सरकार उनीहरूको माग पूरा गर्न तयार भएको हो। प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको आयोगको बैठकले सम्बन्धित पक्षसँग भएका छलफल र प्राप्त प्रतिवेदनसमेतका आधारमा आवासीय चिकित्सकको समान सुविधा मासिक ४८ हजार रुपैयाँ कायम गर्ने निर्णय गरेको हो। बैठकमा सहभागी निजी मेडिकल कलेज एसोसिएसनका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्कीले तत्काल यो निर्णय कार्यान्वयन गर्न नसकिने बताएका छन्।

काम गरेबापतको निर्वाह भत्ता बढाउनुपर्ने माग राख्दै पोस्ट ग्राजुएट (पिजी) तहका चिकित्सक नौ दिनदेखि आन्दोलनमा छन्। हाल पिजी अध्ययन गर्दा निजी मेडिकल कलेजले १७ हजार पाँच सयदेखि २२

» पृष्ठ २ मा क्रमशः

सोफा हब काठमाडौं प्रा.लि.
प्रधान कार्यालय : गोठाटार, 9851152589



बबाल छुट २५% सम्म



नेपालकै नं. १ सोफा फ्याक्ट्री

हाम्रा शाखाहरू
कलंकी 9705114871
सामाखुशी 9820114870
पोखरा 9820114872
बिर्तामोड 9705114873
चितवन 9845728156
नेपालगंज 9705114870

SOFA HUB KATHMANDU PVT. LTD.
20 YEAR WARRANTY
FREE DELIVERY
100% PREMIUM QUALITY

भर्चुअल बैठकमा प्रधानमन्त्रीसँग मुख्यमन्त्रीहरूका गुनासैगुनासा

समस्या समाधानका लागि पहल गर्ने प्रधानमन्त्रीको आश्वासन

नयाँ पत्रिका

प्रदेशका मुख्यमन्त्रीहरूले कानुन निर्माण र बजेट व्यवस्थापनमा केन्द्र सरकारको उदासीनताका कारण विकास निर्माण र सेवा प्रवाहमा देखा परेका समस्या समाधानका लागि पहल लिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन्। प्रधानमन्त्री केपी ओलीले मुख्यमन्त्रीहरूसँग व्यक्तिगत रूपमा पनि छलफल गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् र बजेट निर्माणको तयारीमा थप छलफल गर्ने आश्वासन दिए।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको 'एक्सन रुम'बाट प्रधानमन्त्री ओलीले मुख्यमन्त्रीहरूसँग सेवा प्रवाह, सुशासन, समग्र प्रगति, विद्यमान चुनौती र संघीय सरकारको सहजीकरणबारे भर्चुअल बैठक आयोजना गरेका थिए। संवादमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले आफ्ना प्रदेशका समस्या र हालसम्म भएका कार्यबारे जानकारी दिएका थिए।

» पृष्ठ २ मा क्रमशः



सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयको 'एक्सन रुम'बाट मुख्यमन्त्रीहरूसँग भर्चुअल संवाद गर्दै प्रधानमन्त्री

हामीले भोगिरहेका विविध समस्या अवगत गराएका छौं



● **सुरेन्द्रराज पाण्डे**, मुख्यमन्त्री, गण्डकी

जग्गा प्राप्तिमा देखिएको समस्या, आयोजना निर्माणका लागि रुख कटानसम्बन्धी वनको समस्या, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट राजस्व बाँडफाँटको विषय, समयमै समपूरक, समानीकरण, ससर्त र विशेष अनुदान समयमै नपठाइँदा भुक्तानीलगायत समस्या, संघीय निजामती, प्रहरी ऐनलगायत बारेमा प्रधानमन्त्रीसँग सुझाव राखेका छौं। प्रधानमन्त्रीले समाधानका लागि आवश्यक पहल गर्ने आश्वासन दिनुभएको छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

थुनामा नभएकाले लामिछानेको निलम्बन फुकुवा होस् : कार्यवाहक सभापति अर्याल

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यवाहक सभापति एवं सांसद डोलप्रसाद (डिपी) अर्यालले रवि लामिछानेलाई सांसद पदबाट निलम्बनमुक्त गर्न सभामुखसँग माग गरेका छन् । शुक्रबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले लामिछानेमाथि सरकारले प्रतिशोध साधेको आरोप पनि लगाए । 'प्रतिनिधिसभाको नियमावलीको २७९ को नियम २४८ को उपनियमम ३ को सही प्रयोग होस् भन्ने चाहन्छु र थुनामा नरहेको अवस्थामा सांसद पद निलम्बन नहुने व्यवस्थालाई



कार्यान्वयन गर्दै रवि लामिछानेको सांसद पदको निलम्बन तत्काल फुकुवा गर्न सभामुखसँग माग गर्दछु,' सभामुख देवराज घिमिरेको ध्यानाकर्षण गराउँदै अर्यालले भने ।

अर्यालले लामिछानेमाथि सरकारले साधेको प्रतिशोधको मूल्य चुकाउनुपर्ने दिन आउन सक्ने चेतावनी पनि दिए । 'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि सरकारले त प्रतिशोध साध्यो-साध्यो, सार्वभौम संसद्ले पनि सरकारको रवैयालाई समर्थन जनाएको हो कि भन्ने महसुस भएको छ,' उनले चेतावनी दिँदै भने, 'एउटा व्यक्ति जो चौथो ठुलो दलको सभापतिमाथि यो हदसम्मको प्रतिशोधको मूल्य सरकारले पक्कै पनि चुकाउनुपर्नेछ ।'

उनले लामिछानेलाई झुटा मुद्दा लगाएर फसाइएको दाबी गरे । 'झुटा मुद्दा लगाएर फसाउने सरकारको कुनियत जनताले बुझिसकेका छन् । सरकारको यस्तो रवैयालाई सार्वभौम संसद्ले समर्थन नगरोस्,' अर्यालले भने ।

संसद् विघटन मुद्दा फैसलामा राजनीतिक दबाब आएको वरिष्ठ न्यायाधीश मल्लको टिप्पणी

काठमाडौं/ वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले प्रतिनिधिसभा विघटन मुद्दा फैसला गर्दा राजनीतिक दबाब आएको बताएकी छिन् । ह्वाइटहाउस लिटरेचर फेस्टिभलमा बोल्दै शुक्रबार उनले निडरपन नै न्यायको आवश्यक तत्त्व रहेको बताइन् । 'तत्काल अवस्थामा दुई प्रश्न उठ्यो । अब तिमीलाई प्रधान्यायाधीश बनाउँदैनन् नि भने । मैले म प्रधानन्यायाधीश बन्न न्यायाधीश बनेको होइन । जुन भूमिकामा छु, सम्झौता गर्दिनँ भनेँ,' उनले भनिन्, 'अर्को



तिमीलाई जीवनको डर छैन भने । मैले भनेँ, राष्ट्र, संविधान र सार्वभौमसत्तामा सम्झौता गर्दिनँ । यही कारणले जीवन दाउमा लागेछ भने लागोस् । संविधानको मर्मभन्दा बहिर जाँदिनँ ।'

राजनीतिक दलनिकटताको आरोप लागे पनि न्यायाधीशहरूको निष्पक्षता उनीहरूको फैसला र कार्यसम्पादनबाट हुनुपर्ने मल्लको भनाइ थियो । कानुनी शासनको सूचकांकमा गत वर्ष एसियामै पहिलो स्थानमा पुगुको कारण पनि न्याय सम्पादनको निष्पक्षता रहेको उनको भनाइ थियो । 'न्यायाधीश जो कानुन व्यवसायी पृष्ठभूमिबाट आएका छन्, उनीहरू कुनै न कुनै हिसाबले राजनीतिसँग जोडिएका छन् । तर, उसको निष्पक्षताको परीक्षण फैसलाबाटै गर्ने हो । कोबाट सिफारिस भयो भन्दा पनि संविधानअनुसार गऱ्यो कि गरेन भन्ने महत्त्वपूर्ण हो,' मल्लले भनिन् ।

आवासीय...

पृष्ठ १ बाट क्रमशः

हजार पाँच सयसम्म मात्रै तलब तथा निर्वाह भत्ता भनेर दिने गरेका छन् । तर, पढाइकै दौरानमा पनि मेडिकल कलेज सञ्चालन गर्न अहोरात्र खटिँदा पनि तलब न्यून भएको भन्दै उनीहरूले वृद्धि गर्न माग गर्दै आएका छन् । दुई वर्षदेखि तलब वृद्धिको माग गर्दै आइरहेका निजीमा पिजी अध्ययनरत चिकित्सकले सुरक्षित कार्यस्थल संघर्ष समिति खडा गरेर सरकार र निजी मेडिकल कलेजलाई दबाब दिँदै आन्दोलनमै उत्रिएँदै आएका थिए ।

हाल नेपालमा आवासीय चिकित्सकको संख्या चार हजार पाँच सयहाराहारी छ । सरकारी मेडिकल कलेजहरूले मासिक ४८ हजार तलब तथा निर्वाह भत्ता दिन्छन् भने निजीले त्यसको आधा पनि उपलब्ध गराउँदैनन् । ०८० असोजमा पिजी तह अध्ययनरत चिकित्सक र स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोगलगायतबिच सहमति भएको थियो । जसअनुसार आवासीय, इन्टर्न र सबै स्वास्थ्यकर्मीको तलब सरकारी र निजीमा बराबर गर्ने, सुझाव कार्यदल गठन गर्ने र व्यवस्थित बनाउने निर्णय भएको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन ।

शुक्रबारको आयोगको बैठकमा आयोगका अध्यक्ष प्रधानमन्त्री ओली, सहअध्यक्षहरू स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भटराईले आवासीय चिकित्सकको समान सुविधाको प्रतिबद्धताबाट पछि हट्न नसकिने बताएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । निजी मेडिकल कलेज एसोसिएसनका अध्यक्ष प्रा.डा. कार्कीले भने शुक्रबारको आयोगको निर्णय कार्यान्वयन गरे निजी मेडिकल कलेज बन्द हुने बताए । 'आजको निर्णयप्रति हाम्रो आपत्ति छ । यसरी पिजी पढाउन सक्दैनौं,' उनले भने, 'राज्यले हाम्रो कुरा सुनेन, घाटा हुने गरी पिजी पढाउन सक्दैनौं ।'

बैठकले सम्बन्धित कलेजमा दुई वर्ष अध्ययन र कामको सम्झौता गर्न नमान्ने विद्यार्थीसँग कुल २३ लाख रुपैयाँ शुल्क लिने विषयमा पनि छलफल भएको छ । चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थाको विद्यार्थी सिट संख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धी कार्य गर्दै आएको आयोगको बैठकमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा आवश्यक संशोधनको प्रक्रिया थाल्ने विषयमा पनि छलफल भएको थियो ।

भर्चुअल...

पृष्ठ १ बाट क्रमशः

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले केन्द्र र प्रदेशबिच समन्वयमा देखिएका समस्या, राष्ट्रिय गौरव र प्रदेशका गौरवका आयोजना तथा समस्या, वित्तीय अवस्थिति, विकास निर्माण र सेवाप्रवाहमा देखिएका विभिन्न कानुनी जटिलतामा केन्द्रित रहेर मुख्यमन्त्रीहरूले साझा समस्या प्रधानमन्त्रीलाई अवगत गराएको बताए । 'लामो समयदेखि छलफल गर्न पाइएको थिएन । तर, शुक्रबार प्रधानमन्त्रीसँग निकै सौम्य र उत्पादक संवाद भयो । सबैले आफ्ना प्रदेशका समस्या र कार्यबारे कुरा गरे,' कार्कीले नयाँ पत्रिकासँग भने । 'राम्रो छलफल भएका कारण बैठक संघीयता कार्यान्वयनका सन्दर्भमा कोसेढुंगा साबित हुने विश्वास छ ।'

साढे आठ वर्षदेखि न्यायको पर्खाइमा अजित मिजारको परिवार

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अन्तरजातीय प्रेमविवाह गरेकै कारण असार ०७३ मा 'मारिएका' भनिएका काभ्रेका अजित मिजारको शव साढे आठ वर्षदेखि काठमाडौंको टिचिङ अस्पतालमै छ । अन्तरजातीय विवाहकै कारण हत्या भएको दाबी गर्दै उनको परिवारले न्याय नपाएसम्म शव नउठाउने अडान लिएको छ ।

कर्तव्य ज्यान मुद्दामा आरोपीलाई जिल्ला अदालत धादिङ र उच्च अदालत पाटनले सफाइ दिएको छ । अदालतको फैसलामा चित्त नबुझाएको अजितको परिवार सर्वोच्चमा पुगेको छ । २८ फागुनमा मुद्दाको पेसी छ । परिवारको दाबी र अदालतको फैसला फरक-फरक हुँदा यो विषय निरूपण भएको छैन । अजितका बुबा हरिभक्त ढकाल मिजारले न्यायका लागि सर्वोच्च अदालत एक मात्र अन्तिम आशाको केन्द्र रहेको बताए । 'जिल्ला र उच्च अदालतले न्याय दिएनन् । अब सर्वोच्चकै आशा छ । तर, सर्वोच्चले पेसी तोकेर छलफल गरेको छैन । अब फागुन २८ गतेका लागि तारिख तोकेको छ,' उनले भने ।

घटनाको अनुसन्धान गर्न गठित दुई सरकारी समितिले अजितको हत्या भएको निष्कर्षसहित प्रतिवेदन दिएका थिए । त्यसैगरी घटनास्थल गएको दलित अधिकारसम्बन्धी संघसंस्था, नागरिक समाजका प्रतिनिधि, दलित अधिकारकर्मी र मानव अधिकारकर्मीले पनि अजितको हत्या भएको प्रतिवेदन प्रकाशित गरेका छन् ।

अजितका बुबा हरिभक्तले १५ साउन ०७३ मा धादिङ प्रहरीमा जाहेरी दिएका थिए । अजितका बुबाले टेकबहादुर पराजुली, भोजबहादुर पराजुली र सम्झना पराजुलीविरुद्ध जाहेरी दिएका थिए । प्रहरी अनुसन्धानपछि कर्तव्य ज्यान मुद्दा अघि बढाइएको थियो । तर, धादिङ जिल्ला अदालतले अभियुक्तलाई सफाइ दियो । पुनरावेदनका क्रममा पाटन उच्च अदालतले पनि जिल्ला अदालतकै फैसला सदर गऱ्यो । सरकारवादी मुद्दामा दुई तहको अदालतमा हार भएपछि सरकारले थप पुनरावेदन नगर्ने निर्णय गऱ्यो ।

> अन्तरजातीय बिहेकै कारण असार ०७३ मा 'मारिएका' काभ्रेका अजित मिजारको शव अझै टिचिङ अस्पतालमा, न्याय नपाएसम्म शव नउठाउने परिवारको अडान

२० वैशाख ०७९ मा सरकारी वकिल कार्यालयले मुद्दा अघि नबढाउने जानकारी अजितका परिवारलाई गरायो । त्यसपछि अजितका बुबाले अपराधपीडित संरक्षण ऐन, २०७५ अनुसार 'मुद्दा दोहोऱ्याई हेरियोस्' भनेर २१ वैशाख ०७९ मा सर्वोच्चमा निवेदन दिएका थिए ।

'घटना भएको आठ वर्षसम्म पनि परिवारले न्याय पाउन सकेको छैन । पहुँचवाला व्यक्ति नहुँदा पनि यस्तो अवस्था आयो जस्तो लाग्छ । सरकारले अझै हाम्रो आवाज सुनेको छैन,' अजितका बुबा भन्छन्, 'अब अन्तिम आशा सर्वोच्च अदालत नै हो । न्याय नपाएसम्म छोरोको शव उठाउँदिनँ, यो नै मेरो आन्दोलन हो ।'

मुद्दामा वकालत गर्दै आएका अधिवक्ता मोहन शाशंकर पनि यस घटनाको अनुसन्धानदेखि नै त्रुटि भएको बताउँछन् । उनले भने, 'प्रहरीको अनुसन्धान नै गलत छ । पोस्टमार्टम नगरी यसको रिपोर्ट बनाइएको छ, र हतार-हतारमा लास गाडिएको छ । लामो समयसम्म प्रहरीले जाहेरी दर्ता गर्न मानेन । त्यसपछि प्रतिवादीलाई तत्काल पक्राउ गरिएको छैन । बल्ल-बल्ल जाहेरी दर्ता भएको र प्रतिवादी पक्राउ गरिएको छ । तर, हत्या भएको स्पष्ट आधार भए पनि आत्महत्या भनेर अनुसन्धान गरिएको र सोहीअनुसार प्रतिवेदन बनाइएको छ । यसले गर्दा अझै न्याय पाउन सकेका छैनौं ।'

राष्ट्रिय दलित आयोगका सदस्य सन्दुर पुरकोटी भने अदालतमा गइसकेको मुद्दा भएका कारण आफूहरूले केही गर्न नसकेको बताउँछन् । 'अदालतमा जानुभन्दा अघि आयोगले स्थलगत अध्ययन गर्नेलगायतका काम त गरेको हो । तर, मुद्दा अदालतमा पुगेपछि हाम्रो दायरामा कुनै अधिकार पर्दैन । त्यसैले पछिल्लो समय आयोगले यसबारे कुनै पहल नगरेजस्तो देखिन्छ,' उनले भने, 'यद्यपि, यसमा हाम्रो ध्यान गएकै छ । मुद्दालाई बाहिरबाट हेरिरहेका छौं ।

■ घटना के हो ?

काभ्रेको पाँचखालका १८ वर्षीय युवा अजित मिजार स्थानीय गैरदलित अर्थात् पराजुली थरकी (कल्पना) युवतीसँग प्रेमसम्बन्धमा थिए । आपसी समझदारीमा उनीहरूले २५ असार ०७३ मा बिहे गरे । तर, समाजको डरले उनीहरू भक्तपुरस्थित अजितकी दिदीको घरमा बसेका थिए । तर, केटीको परिवारले दलितसँग बिहे गरेको भनेर गाली गर्ने र केटालाई विभिन्न धम्की दिने गरेको थियो । साथै, केटी परिवारले स्थानीय (पाँचखाल) प्रहरी चौकीमा उजुरी पनि गरेको थियो ।

त्यसपछि केटाको परिवारले केटाकेटीलाई घर बोलाएर २७ असार ०७३ मा चौकीमा उपस्थित गराएको थियो । सोही दिन प्रहरीले उमेर नपुगेको भन्दै उनीहरूलाई छुट्टाएको दाबी गरिएको थियो । केटाकेटी नमान्दा-नमान्दै पनि माइती पक्षको दबाबमा उनीहरूलाई छुट्याइएको थियो । केटीले लगाएको चुरा-पोतेजस्ता पहिरनसमेत माइती पक्षले जबर्जस्ती फालिदिएको थियो ।

प्रहरीमा सहमति गरेर छुट्टिएपछि पनि अजितलाई फोनमार्फत धम्की आइरहेको थियो । सोही क्रममा २९ असार ०७३ मा दिउँसो २ बजेतिर अजित एकाएक बेपत्ता भए । त्यसवेला उनीसँग ५० रुपैयाँ मात्रै थियो । सोही दिन उनले राति ८ बजेतिर घरमा फोन गरेका थिए । त्यस क्रममा उनको स्वर अत्तालिएको थियो । अचानक फोन काटियो । त्यसपछि अजितसँग परिवारको सम्पर्क हुने सकेन । १ साउन ०७३ मा उनको परिवारले एक समाचार पोर्टलमा अजितको शव झुन्डिएको अवस्थामा भेटिएको समाचार देख्यो । काभ्रेका अजित धादिङको गजुरीस्थित प्रतीक्षालयमा झुन्डिएको अवस्थामा देखिएका थिए ।

धादिङ प्रहरीले भने अजितको शव ३० असार ०७३ मै भेटेको थियो । तर, सनाखत हुन नसकेको भन्दै १ साउन ०७३ मै त्रिशूली नदीको किनारामा उक्त शव गाडिएको थियो । त्यसको भोलिपल्ट अर्थात् २ साउन ०७३ मा समाचारमा देखेपछि मात्रै अजितको परिवार काभ्रे प्रहरी हुँदै त्यहाँसम्म पुग्यो । त्यहाँ पुग्दा प्रहरीले शव उत्खनन गर्न मानेको थिएन । पोस्टमार्टम गरेको प्रहरीको दाबी थियो । परिवारको अडानपछि शव उत्खनन भयो । र, शव अजितको रहेको पुष्टि भयो ।

तर, प्रहरीले स्थानीय स्वास्थ्य चौकीमा पोस्टमार्टम गरेको भन्दै एक रिपोर्ट परिवारलाई दिएको थियो, जहाँ झुन्डिएर मृत्यु भएको उल्लेख छ । त्यसपछि आफन्तले उनको शव काठमाडौंस्थित टिचिङ अस्पताल ल्याए । टिचिङले ४ साउन ०७३ मा पोस्टमार्टम गऱ्यो, झुन्डिएको कारण मृत्यु भएको रिपोर्ट आयो । अतिज झुन्ड्याएर मारिएको परिवार र सरोकारवारको भनाइ छ ।

गृहमन्त्री...

पृष्ठ १ बाट क्रमशः

शुक्रबार प्रतिनिधिसभाको आकस्मिक, शून्य र विशेष समयमा सांसदहरूले जातीय विभेद निरुत्साहन गर्ने दायित्व रहेको राज्यसंयन्त्र र गृहमन्त्री लेखकको भूमिकाप्रति गम्भीर आपत्ति जनाए । बिहीबार पनि सांसदहरूले यो मुद्दा उठाएका थिए । एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले गृहमन्त्री लेखक र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरविरुद्ध छानबिनको माग गरे । माओवादी सांसद नारायणी शर्माले अन्तरजातीय विवाहलाई अपहेलना गरेकोमा खेद प्रकट गर्दै सत्येन्द्र-नेहाको सुरक्षाको माग गरिन् । आम जनता पार्टीका सांसद प्रभु साहले बारा जितपुर सिमरा- ७ शान्तिटोलबाट तीन वर्षीय बालक रितेश चौधरी बेपत्ता भएको आठ दिन भइसक्दा पनि सरकार उदासीन रहेको आरोप लगाए ।

शुक्रबार पनि अधिकारकर्मीले सडकमा विरोध प्रदर्शन गरेका छन् भने सत्तारूढ दल काग्रेसको केन्द्रीय कार्यालयमा पनि प्रदर्शन गरिएको छ । संसद्मा समेत सांसदहरूले घटनालाई लिएर प्रश्न उठाएका छन् र गृहमन्त्री रमेश लेखक र आईजिपी वसन्तबहादुर कुँवरलाई छानबिनको दायरामा ल्याउन माग गरेका छन् । दलित अधिकारकर्मीले काग्रेसको केन्द्रीय कार्यालय पुगेर प्रदर्शन गर्दै गृहमन्त्री रमेश लेखकमाथि छानबिनका लागि 'चेतावनीपत्र' बुझाएका छन् । शरीरमा नेल लगाएर अधिकारकर्मी खगेन्द्र सुनार नेतृत्वको टोली माइतीघरबाट पैदल नै सानेपासम्म पुगेर चेतावनीपत्र बुझाए ।

उनीहरूले गृहमन्त्री लेखकमाथि छानबिन गरी कारबाही नगरे थप आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरिरहेको छ । सर्लाही काग्रेसका नेताहरूको दबाबमा गृहमन्त्री लेखकले प्रहरी लगाएर उनीहरूमाथि पक्राउ गरिएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । उनीहरूलाई छुटाउनकै लागि पक्राउ गर्नेदेखि बालविवाहको मुद्दासमेत दायर गरिएको अधिकारकर्मीले बताएका छन् ।

सत्येन्द्र र नेहाको विवाहलाई सर्वोच्च अदालतले वैधानिकता दिइसकेको छ । तर, सत्येन्द्रविरुद्ध बालविवाहको मुद्दा जिल्ला अदालत सर्लाहीमा कायमै छ । प्रहरीबाटै असुरक्षित भएको भन्दै उनीहरू अझै भूमिगत बस्न बाध्य छन् । गृहमन्त्री लेखकले उनीहरूको सुरक्षाको जिम्मा लिने भनेर संसद्मै बताउँदा पनि पीडितलाई त्यसको प्रत्याभूति दिन सकेका छैनन् ।

उनीहरूलाई छुटाउनकै लागि प्रहरीमा बालविवाहको मुद्दा दर्ता गराउनु, विवाह दर्ता भइसकेपछि अदालतमा बालविवाहको अभियोग लगाउनु तथा मुम्बईसम्म पुगेर पक्राउ गर्नुले यसमा प्रहरीले शक्तिको बलमा ज्यादती गरेको प्रस्ट भइसकेको छ । तर, यसमा आफूलाई 'सामान्य जानकारी'समेत नभएको भनेर गृहमन्त्री लेखक पन्छिने प्रयास गरिरहेका छन् ।

यो घटनामा प्रहरीकै उच्च अधिकारी नै संलग्न रहेकाले छानबिन हुन नसकेको हो । छानबिनतर्फ कुनै प्रगति नहुँदा दलित अधिकारकर्मी थप आक्रोशित बनेका छन् । उनीहरूले दोषीहरूमाथि तत्काल छानबिन र कडा कारबाहीको माग गर्दै आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

अन्तरजातीय...

पृष्ठ १ बाट क्रमशः

पैदा गराउँदै लैजान्छ । व्यक्तिभित्र अन्तरनिहित विभेदका अंश प्रस्फुटन हुनु यसको मुख्य कारण हो,' उनी भन्छन्, 'उसले भन्न त जात मान्दिनँ भन्छ, तर जब आफैंलाई पर्छ अनि ऊ जाति प्रथामा समाहित हुन्छ । यस किसिमको मनोसामाजिक र मनोसांस्कृतिक पक्ष समाजमा अझै जीवित छ । अहिले भएको त्यही हो ।'

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा ११ मा उमेर पुगेका वरबधुबाट मञ्जुर भएको अन्तरजातीय विवाहलाई रोक लगाउन नहुने उल्लेख छ । कसुर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । तर पनि अन्तरजातीय विवाह सामाजिक रूपमा कहींकतै अस्वीकार्य छ र यसले गम्भीर अपराधसमेत निम्ताएका उदाहरण छन् ।

अन्तरजातीय विवाह अस्वीकार गर्दा बुबाआमाकै हत्या

ताप्लेजुङमा एक युवाले आफ्नो अन्तरजातीय बिहे अस्वीकार गरेपछि बुबाआमाकै हत्या गरेका थिए । फक्ताङलुङ- ६ का ऐतराज लिम्बू गाउँकै देविका राईसँग प्रेमविवाह गर्न चाहन्थे । तर, ऐतराजको प्रस्ताव बुबा बिर्खबहादुर र आमा पिपरानीले मानेनन् । विवाहका लागि मनाउन अनेक प्रयत्न गरे पनि सफल भएनन् । केही सीप नलागेपछि उनले देविकासँग ०७८ चैतमा आफूखुसी विवाह गरे, तर बुबाआमाले विवाह स्विकारेनन् । विवादबिच ऐतराजको दिमागमा अपराध अंकुरायो । मदिरा पिएको सुरमा उनले २२ वैशाख ०७९ को साँझ बुबाआमामाथि खुकरी प्रहार गरे । अन्ततः उनीहरूको ज्यान गयो ।

अन्तरजातीय विवाह विवादमा रुकुममा भएको थियो ६ जनाको हत्या

अन्तरजातीय विवाहको विवादले रुकुम पश्चिममा चार वर्षअघि ६ युवाको हत्या भएको थियो । जाजरकोट भेरी- ४ का नवराज विक रुकुम पश्चिम चौरजहारी- ८ सोतीकी किशोरीसँग प्रेममा थिए । तर, दुईबिचको सम्बन्ध किशोरीको परिवार रुचाइरहेका थिएन । नवराज १० जेठ ०७७ मा बेहुली लिन किशोरीको घर पुगे । उनीसँग गाउँका अन्य युवा पनि थिए । जब नवराज गाउँ प्रवेश गरेको खबर किशोरीका परिवारले थाहा पायो, उक्त खबर चौरजहारी- ८ का वडाध्यक्ष डम्बरबहादुर मल्ललाई सुनाइयो । मल्लले गाउँका युवालाई भेला हुन लगाए । दुवै पक्षबिच विवाद भयो । घटनाअनुसार स्थानीयले नवराज र उनीसँगै गएका युवालाई आक्रमण गरे । घाइते भएका र उनीसँगै गएका युवामाथि लखेटी-लखेटी आक्रमण भयो । र, घाइतेलाई भेरी नदीमा धकेलियो । घटनामा नवराजसहित ६ युवाले अनाहकमा ज्यान गुमाए ।

परिवारले अस्वीकार गर्दा अन्तरजातीय विवाहले निम्त्याएको थियो हत्या र आत्महत्या

परिवारको सहमतिविनै स्याङ्जा किचनासका सञ्जीव नेपाली र पौवेगौडेका सोनम रेग्मीबिच विवाह भयो । विवाहको तीन वर्षपछि सञ्जीव वैदेशिक रोजगारका लागि दुबई गए । यही मौकामा सोनमका परिवार दुईबिचको सम्बन्ध टुटाउन सक्रिय बन्यो । सोमनलाई अस्ट्रेलिया पठाउने प्रलोभन दिइयो । सोनम पोखरामा कोठा लिएर छुट्टै बस्न थालिन् । सम्बन्ध जोगाउन सञ्जीव बिदा लिएर नेपाल आए, तर सफल भएनन् । दिमागमा अपराधको मनोविज्ञान जन्म्यो । उनले ३२ साउन ०७३ मा धारिलो हतियार प्रहार गरी सोनमको हत्या गरे र आफूले पनि आत्महत्या गरे ।

अन्तरजातीय विवाहका कारण सप्तरीका मनोज राम कारागार पुऱ्याइएका थिए

एक वर्षअघि सप्तरीका मनोज राम र बबिता इसरले अन्तरजातीय विवाह गरेपछि उनीहरू सामाजिक अन्यायको सामना गर्न बाध्य भएका थिए । विष्णुपुर गाउँपालिका- ६ का मनोजकुमार रामले अग्निसाइर कृष्णासवरन गाउँपालिका- ४ की बबिता इसरसँग ०७९ कात्तिकमा प्रेमविवाह गरेका थिए । तर, बबिताका परिवारले अन्तरजातीय विवाह अस्वीकार गर्दै बबिताको किर्ते जन्मदर्ता बनाएर मनोजविरुद्ध अपहरण तथा शरीर बन्धक मुद्दा दायर गरे । यस आधारमा सप्तरी जिल्ला अदालतले मनोजलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो । जबकि कपिलवस्तु जिल्ला अदालतले मनोज र बबिताको विवाह विधिसम्मत रहेको भन्दै विवाह दर्ताको प्रमाणपत्र प्रदान गरिसकेको थियो । अन्ततः पीडितले सर्वोच्च अदालतबाट न्याय पाए ।

प्रेमविवाह असफल भएपछि सप्तरीमा दलित युवतीले गरेकी थिइन् आत्महत्या

परिवारबाट प्रेमविवाह अस्वीकार भएपछि सप्तरीको सुरुंगा नगरपालिका- ७ पोखरियाकी २० वर्षीया दलित युवतीले प्रेमविवाह अस्वीकार भएपछि आत्महत्या गरेकी थिइन् । तीन वर्षअघि उनी गाउँकै कृष्ण मिश्रासँग प्रेममा थिइन् । प्रेममा रहेकी २० वर्षीया ज्योति पासवानलाई गाउँकै कृष्ण मिश्राले ९ फागुन ०७७ मा घरबाटै भगाएर मन्दिरमा विवाह गरेका थिए । तर, विवाहपछि कृष्णको परिवारले अन्तरजातीय सम्बन्ध अस्वीकार गऱ्यो । परिवारको दबाबका कारण कृष्णले समेत बेवास्ता गर्न थालेपछि ज्योतिले गम्भीर मानसिक तनाव भोग्नुपऱ्यो । ज्योतिका बुबा प्रमोद पासवानका ६ असार ०७८ मा कृष्णले ज्योतिलाई लहानस्थित पुष्पाञ्जली गेस्टहाउसमा छाडेर 'कोठा खोज्न जान्छु' भन्दै हिँडेका थिए । तर, धेरै दिनसम्म कृष्ण सम्पर्कविहीन भएपछि ज्योति परिवारको सम्पर्कमा आइन् । अभिभावकले प्रहरी र महिला अधिकारकर्मीको सहयोगमा उनलाई उद्धार गरे । तर, मानसिक तनाव झेलिरहेकी ज्योतिले अन्ततः २३ साउन ०७८ मा घरमै झुन्डिएर आत्महत्या गरिन् ।

Pioneer Moto Corp Pvt Ltd
NISSAN
Thapathali, Kathmandu
01-4101171/01-4101170

S. N	Vehicle Details	Vehicle Type	Brand	Model	Engine Capacity (CC)	Manufacture Country	UNIT	Price Per Vehicle	Selling Price (MRP) NPR
1	Magnite	SUV	Nissan	Visia (XE)	999cc	India	1	3,475,000	3,475,000
2	Magnite	SUV	Nissan	Accenta (XL)	999cc	India	1	3,775,000	3,775,000
3	Magnite	SUV	Nissan	Accenta (XL) AMT	999cc	India	1	3,949,000	3,949,000
4	Magnite	SUV	Nissan	N Connecta (XV)	999cc	India	1	4,199,000	4,199,000
5	Magnite	SUV	Nissan	N Connecta (XV) Dual	999cc	India	1	4,234,000	4,234,000
6	Magnite	SUV	Nissan	N Connecta (XV) AMT	999cc	India	1	4,449,000	4,449,000
7	Magnite	SUV	Nissan	N Connecta (XV) Dual AMT	999cc	India	1	4,484,000	4,484,000
8	Magnite	SUV	Nissan	Tekna + (XV Pre)	999cc	India	1	4,699,000	4,699,000
9	Magnite	SUV	Nissan	Tekna + (XV Pre) AMT	999cc	India	1	4,899,000	4,899,000
10	Magnite Turbo	SUV	Nissan	Accenta (XL)	999cc	India	1	4,399,000	4,399,000
11	Magnite Turbo	SUV	Nissan	N Connecta (XV)	999cc	India	1	4,949,000	4,949,000
12	Magnite Turbo	SUV	Nissan	N Connecta (XV) Dual	999cc	India	1	4,984,000	4,984,000
13	Magnite Turbo	SUV	Nissan	Tekna + (XV Pre)	999cc	India	1	5,299,000	5,299,000

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/१०/२६

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रुपन्देहीको मिति २०८१/०९/१४ गते "दैनिक लुम्बिनी" राष्ट्रिय दैनिक पत्रिका र मिति २०८१/०९/१६ गते "राजधानी" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित समय भित्र पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रहरु न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र ठहरिएको हुँदा स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ (१) प्रयोजनार्थ सम्बन्धित बोल्पत्रदताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ साथै निर्धारित समय भित्र पेश हुन आएका दरभाउपत्रहरु मध्य निम्न दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र ठहरिएको हुँदा स्वीकृतिका लागि छनौट गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

SN	Contract ID.	Selected Bidder.	Bid Amount With VAT & P.S.
1.	WRIDDO/RUP/ NCB -11/2081-082	Raj Engineering and Construction, Sainamain-7, Rupandehi.	27,06,496.26
2.	WRIDDO/RUP/ NCB-12/2081-082	National Construction, Rohini-4, Ruapndehi.	42,12,995.39
3.	WRIDDO/RUP/ NCB-13/2081-082	Abrar Nirman Sewa, Rohini-06, Rupandehi.	25,92,248.97
4.	WRIDDO/RUP/ NCB -14/2081-082	Barahi Nirman Sewa, Siddarthanagar-8, Ruapndehi.	19,50,389.36
5.	WRIDDO/RUP/ NCB-15/2081-082	Gaurang Construction And Engineering Services, Maijuhiti - 2,Tokha.	39,87,523.09
6.	WRIDDO/RUP/ NCB-16/2081-082	Narnarayan Nirman Sewa, Kotahimai.	1,04,95,079.85
7.	WRIDDO/RUP/ SQ-07/2081-082	Narnarayan Nirman Sewa, Kotahimai..	6,78,418.23
8.	WRIDDO/RUP/ SQ-13/2081-082	Gyaneswory Nirman Sewa, Sainamaina-9, Rupandehi.	8,82,695.78

Division Chief

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २६ माघ ०८१
nayapatrikaofficial @naya_patrika

रंगशाला सफाइमा तीन पुस्ता

रंगशाला सफाइ गर्ने उनीहरूको यो अन्तिम पुस्ता हो, आउँदो पुस्तालाई यो काममा नजोड्ने उनीहरू बताउँछन्



तस्बिर : **दिपेन्द्र ढुंगाना**

उनीहरूलाई रंगशालाप्रति अगाध माया छ। जीवनको डेढ दशक रंगशालाकै सफाइ गरेर बिताएका उनीहरू उमेरले साथ दिउन्जेल यहाँ काम गर्ने र रंगशालालाई चम्काउने अठोट गर्छन्। तर, घर जाने वेला आफूले पनि यहाँबाट केही पाउन सके जीवनको ठुलो उपलब्धि हुने बताउँछन्। उनीहरू भन्छन्, 'हामीले रंगशालामा दुःख गरेका छौं। निस्कने वेला खाली हात जान नपरे हुन्थ्यो।'

अब यो सिलसिला तोडिएको छ। रंगशाला सफाइ गर्ने उनीहरूको यो अन्तिम पुस्ता हो। आउँदो पुस्तालाई यो काममा नजोड्ने उनीहरू बताउँछन्। 'पहिले सरसफाइको काम भन्नेबित्तिकै देउलाले नै गर्ने भन्ने पनि थियो,' मञ्जुले भनिन्, 'अहिलेका नानीबाबुहरू पढ्न थाले। देश-विदेश घुम्न थाले। त्यसैले अबको पुस्ताले योभन्दा राम्रो काम गर्छन्।'

अधुरै रह्यो रंगशालामा छोराको फुटबल खेल्ने रहर

मञ्जुले आफ्नो भलिबल खेल्ने सपना त पूरा गर्न सकिनन् नै। छोराको फुटबल खेल्ने रहर पनि पूरा गराउन सकिनन्। भर्खर-भर्खर रंगशालामा काम गर्न थालेपछि मञ्जुले आफ्नो भलिबल खेल्ने रहर पूरा गर्ने माध्यम छोराबाट पूरा गर्न खोजेकी थिइन्। तर, छोराले भलिबल होइन, फुटबल खेल्छु भनेर जिद्दी गऱ्यो। तर, छोरालाई फुटबल खेलाउन कहाँ भन्ने, कसलाई भन्ने ? मेसो पाइनन्। जसले आज पनि उनलाई कता-कता दुख्छ। 'छोरालाई ९-१० पढ्दाताका भलिबल खेल भनेको रुचि देखाएन,' मञ्जुले भनिन्, 'फुटबल खेल्छु, भनिदिनू भनेको थियो। तर, कसलाई भन्ने, के भन्ने आँटै आएन।' उच्च माध्यमिक तह पास गरेर साढे दुई वर्षअघि नै उनको छोरा बहराइन गइसकेको छ। तर, अहिले पनि मञ्जुको मनमा भने छोराले फुटबल खेल्न पाएको भए राम्रो खेल्थ्यो कि भन्ने चाहिँ लागिरहन्छ।

कक्षा नौ पढ्ने छोरीले अहिले तेक्वान्दो खेल्न चासो देखाएकी छिन्। केही समयअघि मात्र खुट्टाको शल्यक्रिया गरेका कारण अहिले नै खेल्न पठाउन सकेकी छैनन्। तर, केही समयपछि भने उनलाई पठाउने सोच बनाएकी छिन्। उनको जस्तो निताको छोरीहरूले खेलप्रति इच्छा देखाएनन्।

त्यो बिर्सन नसकिने क्षण

रंगशालासँग जोडिएको डेढ दशक हुँदा यी दुईले २०७२ सालको भूकम्प र सन् २०१९ मा भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा भलिबलमा महिला टोलीले व्यहोरेको हार बिर्सन सकेका छैनन्। 'अन्तर्राष्ट्रिय खेलमा नेपालले हार्दा चित्त दुख्छ नै। साग गेममा महिला टोलीले भलिबलमा भारतसँग हार्दा पनि चित्त दुखेको थियो,' निताले भनिन्। ०७२ को भूकम्पलाई त झन् कसैगरी बिर्सन सक्दैनन्। 'भूकम्पका वेला शनिबार भए पनि कभर्ड हलमा करँाते प्रतियोगिता भइरहेको थियो। बाहिर फुटबल प्रतियोगिता भइरहेको थियो। हामी सफाइकै काम गरिरहेका थियौं। तर, एकाएक हल्लिएकोजस्तो भयो। पहिले त के भएको होला भनेर मेसो पाउनै सकिएन। मेसो नपाउँदै सबै भागाभाग गर्न थाले। बच्चाहरू रुन थाले। ग्राउन्डमा निस्किँदा पोल हल्लिरहेको थियो। बिल्डिङ चर्किन थालेको थियो। त्यसपछि हामी ठुलो ग्राउन्डमा सेफ हुन्छ भनेर गएका थियौं,' मञ्जुले भूकम्पको समयलाई बेलिविस्तार लगाइन्। साना गल्लीभित्र घर भएकाले उनीहरू साँझ मात्र गएर आफ्ना केही सामान र परिवारसहित रंगशाला फर्किएका थिए।

भूकम्पपछि केही समय खेल प्रतियोगिता बन्द भए। कभर्ड हल त दुई वर्षे बन्द भयो। फुटबल खेल्ने मैदान करिब पाँच वर्षे बन्द भयो। तर, उनीहरूको काम भने जारी नै रह्यो। भूकम्पपछि तीन महिना उनीहरू फुटबल मैदानमै पाल टाँगेर बसे। त्यहीं पकाए। त्यहीं खाए। त्यहीं बसे। र त्यहीं काम पनि गरे। 'परकम्प आइरहे पनि हामी यहीं बस्यौं। परकम्प नआएका वेला काम पनि गऱ्यौं,' मञ्जुले भनिन्। भूकम्पका वेला रंगशालाले उनीहरूलाई वास दियो। अरू वेला उनीहरूले रंगशाला चिटिक्क पारे। त्यसैले उनीहरूलाई रंगशालाप्रति अगाध माया छ। जीवनको डेढ दशक रंगशालाकै सफाइ गरेर बिताएका उनीहरू उमेरले दिउन्जेल यहाँ काम गर्ने र रंगशालालाई चम्काउने अठोट गर्छन्। तर, घर जाने वेला आफूले पनि यहाँबाट केही पाउन सके जीवनको ठुलो उपलब्धि हुने बताउँछन्। 'हामीले रंगशालामा धेरै समय काम गरिसकेका छौं। दुःख पनि गरेका छौं। मान्छे नपुगेका वेला तीन-चारजनाले सबै भ्याउने गरी काम पनि गरेका छौं,' मञ्जुले भनिन्, 'निस्कने वेला केही सेवा-सुविधा होस् जस्तो लाग्छ। खाली हात जान नपरे हुन्थ्यो।'

नेपथ्यबाट



● शान्ति तामाङ

रंगशाला भन्नेबित्तिकै मानिसको दिमागमा खेल, खेलाडी र हार-जितको चित्र सबैभन्दा अगाडि आउँछ। त्यसपछि अखबार र टेलिभिजनका पर्दामा वेलावेला आउने खेलकुद पदाधिकारी र प्रशिक्षकका तस्बिर आँखाअघि आइपुग्छन्। तर, वर्षौंसम्म जीवनका महत्त्वपूर्ण समय खर्चिएर रंगशालाका मैदान, चौकुना चिटिक्क पार्ने सफाइकर्मीको चित्र हाम्रो दिमागमा कहिल्यै आउँदैन। नेपथ्यमा पसिना बगाउने यी मानिसका मिहिनेत पनि खेल संसारमा उत्तिकै छ। तर, यी पात्र सधैं गौण मानिन्छन्। तिनै गौण मानिएका पात्रमध्येका हुन्, त्रिपुरेश्वरस्थित दशरथ रंगशाला सफाइ गर्ने मञ्जु, निता र सुमन देउला।

मञ्जु, निता र सुमन रंगशाला सफाइ गर्ने तेस्रो पुस्ता हुन्। उनीहरूका हजुरआमा सन्तमाया चार वर्षअघि र फुपू सुशीला एक वर्षअघिसम्म रंगशाला सफाइकै काम गर्थे। सन्तमाया र सुशीलापछि मञ्जु, निता र सुमनले रंगशाला सफा गर्ने कामको जिम्मा लिएका छन्।

रंगशालामा सन्तमायाका ४० वर्ष

सन्तमाया ४० वर्षअघि दशरथ रंगशाला सफाइ गर्न पुगेकी थिइन्। रंगशाला सफाइ गर्ने मानिसको आवश्यकता भएपछि उनलाई घरमै बोलाउन गएका थिए। उनी त्यहाँको स्थायी कर्मचारीमा नियुक्त भइन्। जात व्यवस्थाले जर्जर नेवार समुदायमा सफाइको काम गर्ने जिम्मा उनलाई नै दिइयो। टोल, चोक र गल्ली सफा गर्ने सन्तमायाहरूकै जिम्मामा थियो। सरकारी अफिसमा काम मिलेपछि सन्तमाया नियमित जान थालिन्। श्रीमान्ले संसार छाडिसकेका थिए। त्यसपछि सन्तमायाले त्यही काम गरेर छोराछोरी हुर्काइन्। रंगशालाबाहिर अनेकौं आन्दोलन भए, सन्तमाया भने झाडुले रंगशाला बढारिरहिन्। हिउँद, वर्षा नभनी काम गर्दागर्दै उमेरले नेटो काट्यो। मेरुदण्ड कुप्रिँदै गए पनि, आँखाको ज्योति कम हुँदै गए पनि काम गरिरहिन्। ५८ वर्षे उमेर हद लागू भएपछि उनी बिदा भइन्। बिदा हुने दिन उनका लागि विशेष दिन थियो। किनकि, ४० वर्ष बढारकुँडार गरिरहँदा रंगशाला उनलाई आफ्नै दोस्रो घरजस्तो लाग्थ्यो। त्यहाँका हरेक कुनाकाप्चा, बिम, प्यासेज, शौचालयले उनलाई हेरिरहेझैं लागेको थियो। सन्तमायाका लागि बिदाइको त्यो करुण क्षण अरूका लागि भने सामान्य थियो। बिदा हुँदै गरेका अरू कर्मचारीको लाइनमा उनलाई पनि उभ्याइयो र बस् एउटा खादा लगाएर भनियो, 'अब भोलिदेखि नआउनू।'



सन्तमाया देउला (आमा)

८० वर्ष पुग्न लागेको बुढो शरीर लिएर सन्तमाया घर फर्किन्। ४० वर्षसम्म लगातार काम गर्दा उनको आदत नै बनिसकेको थियो। घर फर्किएको धेरै दिनसम्म उनको दैनिकी खजमजियो। के छुटे के छुटे जस्तो लाग्यो।

४० वर्षमा समयले निकै रंग फेऱ्यो। समयको रंगसँगै सन्तमायाको दुःखको पनि पुस्तान्तरण हुँदै थियो। उनी त्यहाँबाट निस्कनुअघि नै उनकी छोरी सुशीला आमाको कुचो समाउन पुगिसकेकी थिइन्।

सुशीलाका ३० वर्ष

सुशीलालाई आमा सन्तमायाले नै रंगशाला पुऱ्याएकी थिइन्। सुशीला पनि त्यहाँको स्थायी कर्मचारीमा नियुक्त भइन्। उनका श्रीमान् चालक हुन्। सुशीलाले घरपरिवार चलाइन्। आमाछोरी सँगै रंगशालामा सफाइको काम गर्दा आपसमा सघाइन्। खाजा बाँडेर खाइन्, काम पनि बाँडेर गरिन्। ३० वर्ष काम गरेपछि उमेर हदका कारण उनले पनि गत वर्षको पुसमा रंगशाला छाडिन्। उनलाई उनी काम गर्ने शाखाले खादा, माला र प्रमाणपत्र दिएर बिदा गरेको थियो।

सुशीला अचेल मेरुदण्डको रोगसँग जुधिरहेकी छिन्। मञ्जु भन्छिन्, 'खेल भएका वेला काम झनै गाह्रो हुन्छ। फुपूलाई त्यसैको असर देखिएको हुन सक्छ।' पुस्तान्तरणको सिलसिला रोकिएन। सुशीलापछि उनको दाइकी छोरी (मञ्जु), दिदीकी छोरी (निता) र मञ्जुको भाइ सुमन रंगशालामा कुचो समाउन पुगिसकेका छन्। उनीहरू पनि त्यहाँ काम गर्न थालेको १५ वर्ष बितिसकेको छ। मञ्जुका बुबा पनि त्यहीं काम गरिरहेका छन्।



सुशीला देउला (छोरी)

तेस्रो पुस्ताको १५ वर्ष

राजधानीको मुख्य सहर टेकुका स्थानीय हुन्, उनीहरू। स्थानीय भए पनि जग्गा-जमिनमा पर्याप्त पहुँच भएन। त्यसपछि उनीहरू एकपछि अर्को गर्दै रंगशाला सफाइमा जोडिए। 'हामी सानो हुँदा हजुरआमासँग रंगशालामा आउँथ्यौं। हजुरआमाले काम थाल्दै गर्दा रंगशाला ठुलो हुँदै गयो। त्यसपछि हजुरआमासँगै फुपू, बौ (बुबा), म, बहिनी अनि भाइले पनि रंगशालामा काम गर्न थालेको हो,' तेस्रो पुस्ताकी मञ्जुले सुनाइन्। त्यहाँ काम गरेको मञ्जुले १५ वर्ष, निताले १६ वर्ष र सुमनले ११ वर्ष भइसकेको छ।

मञ्जु देउला (नातिनी)

मञ्जु बाल्यकालमै हजुरआमा सन्तमायालाई पछ्याउँदै रंगशाला पुग्थिन्। सन्तमायालाई आफूले सकेको काम पनि सघाउँथिन्। मञ्जुले भनिन्, 'घरमा गाह्रो थियो। स्कुल पढ्दाताका नै हजुरआमाको साथमा आएर त्यहाँ काम गर्थें।' दुईजना दिदीले ११ वर्षअघि सुमनलाई जोडेका थिए। 'अफिसलाई मान्छे चाहिएको थियो। घरमा भाइको जागिर थिएन। भाइले हजुरआमा, आमालाई सघाएर खर्च जुटाउँथ्यो। त्यसैले भाइलाई पनि यहाँ जोडेको हो,' उनले भनिन्। प्राथमिक तहको शिक्षा मात्र उनीहरूले पूरा गरेका छन्।

अहिले निजी कम्पनीबाट ठेक्कामा आएका चारसहित उनीहरू सातजनाको जिम्मामा रंगशाला सफाइको काम हुने गरेको छ। पहिले उनीहरूले सबैतिरको सफाइको काम मिलेर गर्थे। तर, अहिले निजी कम्पनीले पठाएका मानिस पनि भएपछि गोलाप्रथाबाट काम गर्न थालेका छन्। गोलाप्रथामा मैदान, राष्ट्रिय खेलकुद परिषद्को कार्यालय र कभर्डहल गरेर तीनवटा चिट्ठा बनाइन्छ। चिट्ठामा तान्दा जुन आउँछ, त्यो टोलीले महिना दिनसम्म सो ठाउँमा काम गर्नुपर्छ। रंगशालामा काम गरेबापत उनीहरूले कार्यालय सहयोगीबराबर मासिक २४ हजार रुपैयाँ पाउँछन्। निताले सात हजारदेखि काम थालेकी थिइन्। 'सुरुमा दैनिक

निता देउला (नातिनी)

ज्यालादारीबाट काम सुरु गरेँ। सुरुवाती दिनमा मासिक २५ सयदेखि पाँच हजारसम्म पैसा पाउँथेँ। अहिले करारमा काम गर्छु,' मञ्जुले भनिन्।

मनपर्ने खेल भलिबल

मञ्जु विद्यालय पढ्दा भलिबल खेल्थिन्। कक्षा सातसम्म मात्र पढेकी उनको विद्यालय छुटेसँगै भलिबल पनि छुट्यो। रंगशालामा काम थालेपछि त्यहाँ हुने भलिबल प्रतियोगिताले भने उनको त्यो रहर पुनर्तांजगी गराउँथ्यो। तर, उनले आफ्नो रहर कहिल्यै कसैलाई व्यक्त गर्न सकिनन्। आफ्नो रुचिबारे कसैलाई भन्न सकिनन्।

निताले पनि स्कुल पढ्दा कहिलेकाहीं भलिबल खेल्थिन्। भलिबलसँग सानैदेखि नजिक भएकाले उनीहरू दुवैजना भलिबलका धेरैजसो प्रतियोगिता हेर्छन्। 'पहिला अरूले खेलेको देख्दा मलाई पनि खेलूँ-खेलूँ लाग्थ्यो। तर, काममा मात्र दिमाग गयो। भलिबल खेल्छु भनेर कसैलाई भन्नै पाइनँ। त्यसैले भलिबल प्रतियोगिता हुँदा खेल हेर्न जान्छु। खेलाडी, गुरुहरू सबै चिन्छु,' मञ्जुले भनिन्। कहिलेकाहीं खेलाडीहरू उनीहरूसँग गफिन आउँछन्।

उनीहरू फुटबल खेल पनि कहिलेकाहीं हेर्छन्। राष्ट्रियस्तरका धेरै खेलाडी उनीहरू चिन्छन्। त्यसमध्ये राष्ट्रिय टोलीका खेलाडी सावित्रा भण्डारी साम्बा र रेखा पौडेलको खेल उनीहरूलाई खुब मन पर्छ। मार्सल आर्ट विधाका उसु, तेक्वान्दो खेलका खेलाडी र प्रशिक्षकहरू पनि उनीहरू चिन्छन्। खेल हेर्नका लागि टिकटको आवश्यकता नहुने हुनाले उनीहरूलाई फुर्सद मिलेमा धेरै प्रतियोगिता हेर्छन्। उनीहरूलाई कसैले नचिने पनि, कसैले उनीहरूबारे नलेखे पनि खेलाडीहरूको बारेमा लेखेको समाचार सामाजिक सञ्जालतिर हेर्छन्। त्यहाँबाटै खेलाडीले जितेको वा हारेको समाचारको समेत जानकारी पाउँछन्। 'खेलाडीहरूले जित्यो भने लड्डु पनि दिन आउँछन्,' निताले भनिन्।

कुनै पनि काम आफैंमा सानो-ठुलो हुँदैन। तर, सामाजिक मान्यता यस्तो बन्यो कि जसले सबैभन्दा धेरै शारीरिक काम गर्छ, उसैलाई 'तल्लो स्तर'को कामदार मानिन्छ। अझै पनि सरसफाइ गर्ने कामलाई समाजमा हेयको दृष्टिले हेरे पनि उनीहरूले रंगशालामा त्यस्तो भोग्नुपरेको छैन। उनीहरूले कामकै आधारमा विभेद खेप्नुपरेको छैन। रंगशाला भित्र होस् वा बाहिर उनीहरूलाई हेर्ने नजरमा फरक पाउँदैनन्। आफ्नो कर्मप्रति उनीहरूलाई सधैं गर्व लाग्छ। त्यसैले सफाइको काम गर्छौं भनेर गर्वका साथ भन्न सक्ने उनीहरू बताउँछन्। 'अहिलेसम्म कसैले पनि सफाइको काम गर्ने भनेर हेला गरेको थाहा छैन,' सुमनले भने। तर,

अनुसन्धाता डा. सबिन निङ्लेखुलाई मनपरेका पाँच पुस्तक



प्रायः जर्नलका लेखहरू पढ्ने गर्छु। कति किताबहरूको छेउ र टुप्पो मात्र त कतिको बिचको अंश मात्रै पढेर किताब बन्द पनि गर्ने गरेको छु। किताबसंग्रहमा, पढेर भ्याएको भन्दा पनि भ्याउन बाँकी किताब बढी छन्। पढ्दै जाँदा सामग्री भेट्दै भन्ने लागेपछि पछि पढ्छु भन्दै किताब थन्क्याउने गर्छु। तर, पछिल्लो एक हप्तामा चार-चारवटा किताब पढेर सकाएँ। त्यो पनि बाँकटे नहाँनी, समय लगाएर पढैं। यसको कारण थियो- उत्तर अमेरिकामा हुने समाज विज्ञानको धेरैमध्ये कुनै एक वार्षिक सम्मेलनमा सबैभन्दा राम्रो किताब भनेर कुनै एक किताबले पुरस्कार पाउने गर्छ। त्यो पुरस्कार समितिको सदस्य आफू पनि भएको हुनाले पढ्ने कर लाग्यो, रहरभन्दा पनि। त्यही पढ्ने क्रममा अरूभन्दा धेरै मन छोएका पाँच किताबका बारेमा दुई-चार शब्द कोर्ने चेष्टा गरैं।

■ **फ्रिडम इन क्याप्टिभिटी – राधिका गुप्ता** : मानवशास्त्री राधिका गुप्ताद्वारा लिखित 'फ्रिडम इन क्याप्टिभिटी', किताबको शीर्षकजस्तै भारतीय राष्ट्रवादभित्र कैद कारगिल, लद्दाखका सिया मुस्लिमहरूको स्वतन्त्रता खोज्ने र जिउने अभ्यासको एउटा गहकिलो वृत्तान्त हो। एकात्मक राज्यसत्ताले निर्माण गरेको बाध्यता र विवशताको परिधिभित्र रहेर पनि, युद्ध वा आन्दोलनको सहारा नलीकन, मानिस रणनीतिक सार्वभौमिकताको अभ्यास आफ्नो जीवन दैनिकीमा कसरी गर्ने गर्छन् भन्ने सत्यलाई सैद्धान्तिक गहिराइ र व्यक्तिगत कथाको समिश्रणमार्फत गहकिलो ढंगले प्रस्तुत गरिएको छ।

■ **फर द सिटी एट टु कम – अब्दुमलिक सिमोन** : पिएचडी भन्ने ठुलै घाँडो पार लाउनमा सबैभन्दा सहयोगी किताब भनेको अफ्रिकी-अमेरिकी मूलका लेखक अब्दुमलिक सिमोनको 'फर द सिटी एट टु कम', अथवा, 'आउन बाँकी सहरको नाममा' नामक किताबको रह्यो। तर्क सोझ्याउन-बंग्याउनभन्दा पनि यो किताबको अलि ठुलै देन थियो मेरो विद्यार्थी जीवनमा। भूमिहीन सुकुम्वासी बस्तीको अध्ययन-अनुसन्धानको सिलसिलामा मनमा धेरै तर्क-बितर्क आउँथे अनि जान्थे। कतिलाई शब्दमा उतारेर कथा र तर्कका लामो गहकिलो लर्को तयार पार्ने योजना मनमा आउँथ्यो। तर, बिचैमा त्यो कर्म परित्याग गर्थैं। यो सिलसिला चलिरहन्थ्यो। त्यही सिलसिलामा किताबको गज्जबको शीर्षकले हुन सक्छ, सिमोनको किताब हात पऱ्यो। नागरिकका लागि 'राम्रो' सहर बनाउने उपक्रमको सुरुवात भनेको नागरिकले सहर कसरी बनाउँछन् भनेर पहिला बुझ्नेर, त्यसमा लगानी गर्न जरुरी छ भन्ने सैद्धान्तिक चिन्तन र तर्क बोकेको छ किताबले।



■ **द लिबरेसन अफ सीता – भोल्गा** : पछिलो दुइ वर्षयता नयाँ अनुसन्धान सुरु गरेको छु, खास गरीकन सहरी योजना, धर्म र सम्पदाको गठजोड कस्तो हुन्छ भनेर। जनकपुर र अयोध्या, उत्तर प्रदेश, इन्डिया, परे अध्ययन क्षेत्र। सहरी 'योजना'को नाममा हिन्दुत्व नामक धार्मिक अतिवादले क्रमिक रूपमा राज्य संरचनामा कस्तो किसिमको औपचारिक र अनौपचारिक प्रवेश पाउन थाल्छ भन्ने प्रश्नको अन्तर्य बुझ्न, सामग्री संकलन गर्ने क्रममा, आर्टिस्ट साथी सपना सञ्जीवनीले पढ्ने सुझाव दिएको किताब हो 'द लिबरेसन अफ सीता', अथवा 'सीताको मुक्ति'। दक्षिण भारतका प्रचलित लेखिक-साहित्यकार भोल्गाले तयार पारेको सो आख्यान गज्जब लाग्यो। करिब २५ देखि २७ सय वर्षअघि वाल्मीकिले लेखेको 'रामायण' एक आख्यान थियो, मात्र मिथक। झेली पुरातत्त्वको अवैध सहारा लिँदै अहिले आएर 'इतिहास'को दर्जा पाएको त्यही 'रामायण' अहिले एक किसिमको सहर र नागरिक निर्माण गर्ने लडाकु पुरुषत्वको वैचारिकी बोकेको 'सत्य' बनेको छ। 'द लिबरेसन अफ सीता' पढ्दा यस्तै वैचारिकीको परिधिभित्र कैद मानसपटल एकछिनकै लागि भए पनि राहत र मुक्ति पाएको महसुस गर्दोरहेछ। किन कि सीताले आफ्नो पूर्णता रामको अर्धांगिनी हुनबाट कम, र सुर्पणखाको सखी हुनबाट बढी प्राप्त गरेको हुन्छ। पितृसत्तात्मक पुरुषात्विक सोचलाई ठाडै चुनौती दिएको छ यो पुस्तकले। भोल्गाको साहित्य सिर्जनाले 'रामायण'को यो नयाँ अतिवादी हिन्दुवाद रूप र वैचारिकीसँग लड्ने केही कडी पस्किएर दिएको छ।

■ **एक बागी – उज्ज्वल प्रसाईं** : साहित्यको कुरा गर्दा, दुई साल अगाडि प्रकाशन भएको किताब 'एक बागी' पढ्दा गाथमा निकै रस जमेको थियो। उज्ज्वल प्रसाईंकृत् करिब ५०० पन्ना लामो किताब साहित्यकार खगेन्द्र संग्रौलाको जीवनको सामाजिक र राजनीतिक उकाली-ओरालीको पेचिलो संग्रह हो। क्रान्तिकारी वामपन्थी सिद्धान्तप्रतिको प्रतिबद्धता, परिवार, अनि विशेष गरी जीवनसंगीप्रतिको माया र प्रेमभावको बिचमा सधैं पिल्सिरहने संग्रौलाको जीवनी बोकेको किताब एकजनाको जीवन कथा मात्र नभएर नेपाली वामपन्थी इतिहासको एउटा सशक्त दस्तावेज हो भन्दा फरक नपर्ला भन्छु। तर, किताब सम्झिँदा कहिलेकाहीं खल्लो लाग्ने गर्छ। केही समयका लागि 'लिम्बूले सिनो खान्छ, खाँदैन' भन्ने विवादमा किताब अल्झियो, अल्मलियो। अनि सँगसँगै पहिचानको मुद्दामा संवेदनशील र समभावी उज्ज्वलको चित्रण कसरी-कसरी 'पहिचानविरोधी भनेर कर्हालिन पुगे, जो गलत थियो। खैर, जो बित गयी, सो बात गयी।

■ **टकिङ टु माई डटर अबाउट द इकोनोमी – यानिस भारुफाकिस** : अब अन्तिम किताब, अर्कै किसिमको मुक्तिको बारेमा -'टकिङ टु माई डटर अबाउट द इकोनोमी', अथवा 'छोरीसँग अर्थको कुरा'। यो किताब रोज्नुको पछाडि दुई विशेष कारण थिए। एउटाचाहिँ लेखक, यानिस भारुफाकिस। मार्क्सवादी खेमाका अर्थविद् भारुफाकिसको धेरै परिचय र पहिचान छन्। विभिन्न पश्चिमेली विश्वविद्यालयमा अर्थशास्त्र पढाएका उनी धेरै चिनिएको भनेको २०१५ को चुनावमार्फत ग्रिस राज्यको अर्थमन्त्री बन्दै, वित्तीय संकटबाट गुज्रिरहेको ग्रिसको अर्थतन्त्र सम्हाल्ने बागडोर पाएपछि हो। राज्यकोषबाट आउने वित्तीय राहतमार्फत निजी बैंकलाई आर्थिक संकटबाट निकाल्ने राज्यको निर्णयविरुद्ध भोट गरेसँगै, सरकारबाट निस्किएपछि वामपन्थी धारमा अझ छाएका भारुफाकिसको यो किताबको शीर्षक र आशयले पनि मन तानेको हो। शीर्षक, छोरीसँगको संवाद। कस्तो राम्रो। आशय, अर्थशास्त्र र अर्थतन्त्रलाई अर्थविद्हरूको चंगुलबाट मुक्ति दिने, अर्थविद्हरूले अर्थतन्त्रलाई कुइरोको काग जो बनाएका छन्। पैसाको बजारमा पैसाको सट्टा भर्ना किन र कसरी हुन्छदेखि लिएर पैसाको लोकतान्त्रीकरणको आवश्यकताजस्ता विषयमा आफ्नो १२ वर्षीया छोरीसँग संवाद गरेझैं गरेर लेखिएको किताबले मजस्तो अर्थको अर्थ सजिलोसँग बुझ्न खोज्नेका लागि एउटा राम्रो खुराक भएको पाएको छु।

क्यामेराको लेन्समा दृश्य कैद गर्ने हुटहुटीले सगरमाथा शिखर पुगेँ

● **पूर्णिमा श्रेष्ठ**, आरोही



*यसै वर्षको वसन्त ऋतुमा १३ दिनको अन्तरमा तीनपटक सगरमाथा आरोहण गरेर पूर्णिमा श्रेष्ठले इतिहास रचिन्। फोटो पत्रकारसमेत रहेकी पूर्णिमा विश्वको सातौं अग्लो हिमाल धौलागिरि चढ्ने पहिलो नेपाली महिलासमेत हुन्। उनले सगरमाथा, धौलागिरि, अन्नपूर्णलगायत आठ हजार मिटरमाथिका आठवटा हिमाल आरोहण गरिसकेकी छन्। पूर्णिमालाई सिएनएनले 'द एक्सट्रिम एथलेस्ट हु पुस्ड लिमिट इन २०२४'को साहसी खेलाडीको सूचीमा राखेको थियो। उनले हिमाल आरोहण गर्दाका अनुभव **पवन बराइली**लाई सुनाएकी छिन् :*

मगोरखाको आरुघाटमा जन्मैं। मेरो बाल्यकाल त्यहीं बित्यो। बाल्यकालमा घरको आँगनबाट गणेश हिमाल देखिन्थ्यो। तर, गाउँमा कहिल्यै हिउँ परेको देखिनँ। मलाई सानैदेखि डाँडामा डुल्न मन लाग्थ्यो। शारीरिक रूपमा आफूलाई बलियो लाग्थ्यो। आफूलाई त्यसरी नै प्रस्तुत गर्थैं। गह्रुंगो भारी उचाल्ने काम गर्न सक्थैं। खेलकुदमा सहभागी हुँदा अरूभन्दा अब्बल र कहिल्यै नथाक्ने खालको थिएँ। सानैदेखि शारीरिक रूपमा चुनौती मल्न मन लाग्थ्यो। दबिएर बस्न मन लाग्दैनथ्यो। प्रतिरोध गर्ने स्वभाव थियो।

एसएलसीपछि काठमाडौं आएर पत्रकारिता पढैं। टेलिभिजनमा प्रस्तोतालाई देख्दा र पत्रिकामा कसैको बाइलाइन देख्दा मलाई पनि त्यस्तै बन्ने रहर लाग्थ्यो। पढाइसँगै फोटो पत्रकारिताको काम पनि सुरु गरैं। क्यामेरामा सुन्दर दृश्य कैद गर्ने बानी पऱ्यो। फोटो खिच्ने क्रममा धेरै ठाउँ पुगियो।

■ हिमालसँग प्रेम

क्यामेरामा सुन्दर दृश्य कैद गर्ने हुटहुटीले हिमालसम्म पुऱ्यायो। सन् २०१७ मा सगरमाथा आधार शिविर जाने अवसर मिल्यो। त्यतिबेला एभरेस्ट म्याराथनको फोटो खिच्न गएको थिएँ। हिउँको संसारलाई नजिकैबाट नियाल्न पाएँ। त्यो नै मेरो पहिलो ट्रेकिङ थियो। त्यहाँ पुग्न मलाई निकै गाह्रो भएको थियो। सगरमाथा आधार शिविरमा बसुन्जेल आनन्द आयो। हिउँको दृश्यलाई क्यामेराको लेन्समा कैद गरैं। नजिकबाट हिउँले ढाकेको सेतो हिमाल देख्दा मन खुसी भयो।

> संघर्षबाट पाएको सफलता अर्थपूर्ण लाग्दो रहेछ। साथै रमाइलो पनि लाग्ने रहेछ। डराई-डराई बाँचेको जीवनमा बेग्लै आनन्द आउँदो रहेछ। सबैभन्दा ठुलो कुरा म बाँचिरहेकी छु। त्यसैले मलाई साहस आइरहन्छ। हिमाल नगएको भए त्यस्तो अनौठो अनुभूति गर्न कहिल्यै पाउँदिन थिएँ।

संसारका धेरै मान्छेका सपना सगरमाथा पुग्ने हो। मेरो पनि सपना सगरमाथा पुग्ने बन्यो। सपना भेट्न अर्को चुनौती मोल्न मन लाग्यो। त्यो चुनौती थियो, सगरमाथा चढ्ने। सगरमाथा चढ्नुअघि ६ हजारभन्दा अग्लो हिमाल चढ्नुपर्ने रहेछ। त्यो थाहा थिएन। मैले आठ हजार मिटरकै मनास्लु हिमाल आरोहण गर्ने सोच बनाएँ। मनास्लु चढ्नु मेरा लागि सहज थिएन। मानसिक रूपमा तयार भए पनि आर्थिक रूपमा तयार थिइनँ। मसँग पैसा थिएन। हिमाल चढ्ने भूत सवार भइसकेको थियो। पैसा जुटाउने अभियान सुरु गरैं। तर, धेरैले हिमाल चढेर के हुन्छ ? पनि भन्थे। पैसाको लागि धेरै ठाउँ भौंतारिएँ। आफ्नै खर्चमा हिमाल चढ्न जाने स्थिति थिएन। त्यसबेला ममा एकप्रकारको पागलपन नै सवार थियो। मसँग फोटो खिच्ने कला थियो। हिमालका लागि कुनै शारीरिक अभ्यास पनि गरेकी थिइनँ। मलाई सामान्य वाल क्लाइम्बिङको अनुभव मात्रै थियो। कसरी चढ्न सक्छु होला ? भन्ने पनि लाग्थ्यो। पूर्वाभ्यास हिमाल चढ्न जानुहुँदैन, सुनेकी थिएँ। तर, आरोहण असफल भए पनि स्वीकार गर्छु भन्ने मनस्थिति बनाएँ। तमाम चुनौतीका बाबजुद पनि २०१७ सेप्टेम्बर २३ मनास्लु आरोहण गरैं।

साप्ताहिक राशिफल

२६ **माघ** (शनिबार)
२ **फागुन** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद्। **मो** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साथीभाइहरूको साथ र सहयोग पूर्ण रूपमा पाइनेछ। रमाइलो यात्राको योग रहेको छ। सेयर कारोबारमा लगानी गर्दा पछि फाइदा मिल्नेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। आर्थिक र व्यावसायिक समस्या समाधान हुनेछन्। आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। साताको अन्त्यमा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मिहिनेतीहरूका लागि साता फलदायी रहनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। मुद्दामामिलामा विजयी भइनेछ। मित्रजनबाट साथ सहयोग मिल्ने देखिन्छ मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। सप्ताहान्तमा सहयोगी जुट्नेछन् र काम सफल हुनेछ। अर्थलाभ हुनाले दैनिकीमा परिवर्तन आउनेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा भ्रमण, खानपान पहिरन तथा फेसनमा धन खर्च हुनेछ। महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ, आफन्तको गतिलो समर्थन मिल्नेछ। घरायसी सुखको अनुभूति हुनेछ। साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ। सप्ताहान्तमा भाग्यले साथ दिनेछ। सहयोगी जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

शत्रु किनारा लाग्नेछन्। चिताएको कामले तीव्रता लिनेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। जोसजाँगर र हिम्मत पनि बढ्नेछ महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ। साताको मध्यमा दबाब र तनाव बढेको महसुस हुनेछ। सोचेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। सप्ताहान्तमा कामको सन्दर्भमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

विभिन्न अवसरले पछ्याउनेछन्। नजिकको मित्रसँग भेटघाट हुनेछ। पठनपाठनमा प्रगति हुनेछ, तर साताको उत्तरार्द्धमा धन खर्च हुनेछ। व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्। लगनशीलतले नाम, दाम र इनाम दिलाउन सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

चुनौती चिर्दै काम बनाउन सकिनेछ। आतिथ्यपूर्ण सम्मान प्राप्तिको योग रहेको छ। अरूलाई प्रभावित पारेर काम बन्नेछ। व्यापार-व्यवसायमा लाभ मिल्नेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। पारिवारिक भेटघाटको समय छ। प्रतिस्पर्धीसमेत सहयोगीका रूपमा देखापर्नेछन्। वैदेशिक यात्रामा सफलता मिल्नेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

अनावश्यक झमेलामा फस्न सकिने समय रहेको छ। चुनौतीको सामना गर्दै अगाडि बढ्नुपर्ने ग्रहयोगले संकेत गरेको छ। बुधबारदेखि प्रयत्न गरे फाइदा पनि लिन सकिनेछ। टाढिएका साथीभाइ नजिकिनेछन्। भाग्यको साथ पूर्ण रूपमा मिल्नेछ। सप्ताहान्तमा विद्यार्थीका लागि सुखद समाचार आउनेछ। विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन्। नयाँ कार्यको थालनी हुनेछ। कूटनीतिक नियोगको सहयोग मिल्नेछ सफल यात्राको योग पनि छ। प्रशंसकले साथ दिनेछन्। बिहीबारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधानीका उपाय अवलम्बन गर्नुपर्ला। वैधानिक प्रावधानले पनि घुमाउरो मार्गबाट मात्र लक्ष्यमा पुग्न सकिनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

हर्ष, उमंग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। बिहीबार लेनदेन र हिसाब-किताबमा सावधान नहुँदा बिचमा केही विवाद हुन सक्छ। स्थान परिवर्तन हुने सम्भावना रहिरहनेछ। सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ। नयाँ कार्यको थालनी हुने योग छ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भबाटै शुभ समाचार सुन्न पाइनेछ। नयाँ कार्यको थालनी हुन सक्ने ग्रहयोगले संकेत गरेको छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। आम्दानी पनि प्रशस्तै बढ्न सक्छ। सहयोगीहरूले सकेको सहयोग गर्नेछन्। सप्ताहान्तमा स्वास्थ्यमा मौसमी गडबडी देखापर्न सक्छ। सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ। झैझगडाबाट टाढै बस्दा उत्तम हुनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ। राजनीतिक कार्यमा बाधा आउनेछ। सम्पत्ति हराउने र खर्च बढ्न सक्छ। बुधबारदेखि नयाँ ज्ञान प्राप्त हुने योग छ। सप्ताहान्तमा आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ। धन खर्च हुने योग देखिएको छ।


मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ। मनोरञ्जनमा सहभागिता भइएला। प्रशस्त धनआर्जन गर्ने अवसर पाउनुहुनेछ। उठ्नुपर्ने रकम हातलागी हुने समय छ। अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ। बिहीबारदेखि श्रम र व्यवसायबाट मनग्ये आम्दानी हुनेछ। तर, सप्ताहान्तमा व्यावसायिक यात्राको योग रहेको छ।

मैले चित्रकारिता थालेको झन्डै दुई दशक हुन लाग्यो। मेरो कलायात्रा निकै चुनौतीपूर्ण रह्यो। अरू कलाकारले भन्दा ठुलो चुनौती पार गर्दै आएको छु भन्ने लाग्छ। अरू कलाकारको जस्तो सजिलो भएन। किनकि, मेरो पेन्टिङ विद्या फरक छ। जसले गर्दा सुरुवाती दिनमा निकै कठिन भयो।

सन् २००९ तिर नेपालमा 'न्युड आर्ट' गर्नु निकै चुनौतीपूर्ण थियो। त्यसवेला एक चित्रकला प्रदर्शनीबाट मेरो पेन्टिङलाई निकाल्न खोजियो। मेरो पेन्टिङलाई लिएर नकारात्मक टिप्पणीसमेत गरियो। त्यतिवेला उनीहरूले चित्रमा नग्नता मात्रै देखे। अहिले नेपालमा न्युड पेन्टिङलाई सामान्य रूपमा लिन थालिएको छ। 'न्युड पेन्टिङ' भनेको नराम्रो मात्रै होइन रहेछ भन्ने बुझाइ बढ्दै गएको छ। मैले त्यो चुनौती नमोलेको भए यो विधाको पेन्टिङ अहिले स्थापित हुँदैनथ्यो।

'न्युड आर्ट' भन्नेबित्तिकै आममानिसको मस्तिष्कमा अलि फरक दृश्य आउँछ। न्युड आर्ट कस्तो हो ? यो जिज्ञासा धेरैमा हुन सक्छ। पेन्टिङमा एउटा कलाकारले आफ्नो भावना व्यक्त गर्छ। कलाकारले आफ्नो महसुसलाई रङको माध्यमबाट क्यानभासमा उतार्छ। हरेक कलाकारका महसुस फरक हुन्छन्। म पनि आफूलाई महसुस भएको कुरा नै चित्रमा उतार्छु। न्युड आर्ट नग्नता प्रदर्शन नभएर कला हो। मान्छेको इमोसनलाई आफ्नो क्यानभासमा क्याप्चर गर्छु। मानिसले बाहिर देखिएकालाई मात्रै सुन्दरता भनेर बुझ्छ। तर, बाहिर देखिएको मात्रै सुन्दरता



हिउँसँग लुकामारी खेल्दाको मज्जा बयान गर्न सकिन्न । हिमाल मेरा लागि आध्यात्मिक ठाउँ हो । त्यहाँ आफ्नो जीवन पाउँछु, मृत्यु पनि पाउँछु । हिमालमा ठुलो कुरा खुसी पनि पाउँछु । हिमालले ऊर्जा र साहस भरिदिन्छ । त्यसैले हिमाल जान बहाना मिलोस् भन्ने कामना गर्छु ।



मनास्लुपछि सगरमाथा आरोहण गर्ने सोच बनाएँ । सगरमाथा आरोहण गर्नु भनेको जीवन र मृत्युको यात्रा गर्नुजस्तै रहेछ । सगरमाथा मेरा लागि केवल एक शारीरिक चुनौती मात्र थिएन, आर्थिक र सामाजिक रूपमा ठुलो संघर्ष थियो । मैले सन् २०१८ मा सगरमाथाको सफल आरोहण गरेँ । त्यसको अर्को वर्ष आमादब्लम चढेँ । मलाई झन् हिमालको सुन्दरताले आकर्षित गऱ्यो । त्यसपछि मेरो पाइला रोकिनँ । धेरैको लक्ष्य सगरमाथा आरोहण गर्ने मात्रै हुन्छ । सगरमाथा चढेपछि अरू हिमाल चढ्दैनन् । तर, मलाई सगरमाथा आरोहणपछि महिला नचढेका हिमालहरू कुन रहेछन् भन्ने बुझ्न मन लाग्यो । महिला चढेको हिमाल धौलागिरि र अन्नपूर्ण रहेछ । यी दुवै हिमाल चढ्नलाई गाह्रो छ भनेको सुन्थेँ । गाह्रो मानिने अन्नपूर्ण र धौलागिरिको सफल आरोण गरेँ । त्यसपछि कञ्चनजंघा, ल्होत्से, मकालुको सफल आरोण गरेँ । मलाई सुरुमा नेपालको आठ हजार मिटर अग्ला मात्र चढ्छु भन्ने लाग्यो । मैले चढ्नुपर्ने हिमाल चढिसकेँ भन्ने हुन्थ्यो । तर, त्यस्तो नहुँदो रहेछ । एकपछि अर्को सपनाको आयतन बढ्दै जाने रहेछ । अरू हिमाल चढ्न मन लाग्दो रहेछ ।

हिमाल चढ्न सजिलो छैन । पाइला-पाइलामा मृत्युलाई देखिन्छ । आमादब्लम चढ्दा निक गाह्रो भएको थियो । अन्नपूर्ण र कञ्चनजंघा निकै डर लागेको थियो । त्यतिवेला मनमा अनेक कुरा खेल्थे । फर्किन्छु, फर्किदिन होला जस्तो लाग्थ्यो । शरीरका कति पार्ट चल्दैन जस्तो लाग्ने । हिमाल नचढ्नुपर्ने रहेछ भन्ने पनि सोच आउँथ्यो । अब सक्दिनँ थाकिसकेँ भन्ने मनमा आइरहन्थ्यो ।

१३ तीनभित्र तीनपटक सगरमाथा आरोहण गर्नु सजिलो थिएन । शरीर भारी हुन्थ्यो । थकानको सीमा नै हुँदैन थियो । भोक, निन्द्रा मेरा लागि महसुस मात्रै थिए । केही सोच्न मन लाग्दैनथ्यो । शरीर चलाउन मन लाग्दैनथ्यो । अब सक्दिनँ, फर्किन्छु भन्ने सोच पनि आयो । आँखामा हिउँ छ्यापेर, आफूलाई ब्युँझाएँ । मनमा साहस भर्ने । सास हुन्जेल कोसिस गर्छु भनेर आफूलाई च्यालेन्ज दिएको थिएँ । आत्मविश्वासले एकै सिजनमा तीनपटक सगरमाथा आरोहण गर्न सकेँ ।

मेरा लागि सगरमाथा जीवनको अर्को कोसिस थियो । मैले हिमाल चढ्ने योजना सुनाउँदा धेरैले गाह्रो छ भन्थे । तर, मैले कोसिस नगरेको भए कसरी सफल हुन्थेँ होला ? अहिले फर्केर हेर्दा ठिकै गरेछु जस्तो लाग्छ । मैले त्यो जोखिम मोलेर 'सप्राइज सफलता' पाएँ । त्यो सफलताका लागि संघर्ष चाहिने रहेछ ।

हिउँसँग लुकामारी खेल्दाको मज्जा बयान गर्न सकिन्न । हिमाल मेरा लागि आध्यात्मिक ठाउँ हो । त्यहाँ आफ्नो जीवन पाउँछु, मृत्यु पनि पाउँछु । हिमालमा ठुलो कुरा खुसी पनि पाउँछु । हिमालले ऊर्जा र साहस भरिदिन्छ । त्यसैले हिमाल जान बाहना मिलोस् भन्ने कामना गर्छु ।

पछिल्लो समय माउन्टेनमा इन्जोय गर्न थालेको छु । दुःख भए पनि रमाइलोको रूपमा लिन्छु । त्यहाँ मृत्यु खोज्न जान मन लागोस् । कहिले प्रेम खोज्न जान मन लागोस् । आफूलाई दुःख दिन जान मन लागोस् । त्यस्तै कुनै बाहना बनोस् भन्ने लाग्छ । त्यहाँ रोमाञ्चकता पनि छ, चुनौती पनि हुन्छ । जीवनमा सबैभन्दा पहिले सन्तुष्टि खोज्नुपर्ने रहेछ । अनुभव आफैँमा शक्तिशाली चिज रहेछ । त्यो पैसाले किनेर नपाइने रहेछ । त्यो अनुभव लिएर बाँच्नु अर्कै आनन्द आउँदो रहेछ । यस्ता अनुभव संगाल्न पनि हिमाल पटक-पटक गइरहन्छु । संघर्षबाट पाएको सफलता अर्थपूर्ण लाग्दो रहेछ । साथै रमाइलो पनि लाग्ने रहेछ । डराई-डराई बाँचेको जीवनमा बेग्लै आनन्द आउँदो रहेछ । सबैभन्दा ठुलो कुरा म बाँचिरहेकी छु । त्यसैले मलाई साहस आइरहन्छ । हिमाल नगएको भए त्यस्तो अनौठो अनुभूति गर्न कहिल्यै पाउँदिन थिएँ ।

■ महिलालाई अझै पत्याइँदैन

पर्वतीय क्षेत्रमा पुरुषभन्दा महिला कम छन् । महिलाको क्षमता र साहसलाई कम आँकिन्छ । महिलाहरूले साहसी काम गर्न सक्दैनन् भन्ने समाजको बुझाइ छ । महिलाले सुरक्षित र सजिलो काम मात्रै गर्नुपर्छ भनिन्छ । महिलालाई शारीरिक रूपमा कमजोर ठानिन्छ । शारीरिक रूपमा मात्रै पुरुषभन्दा महिला कमजोर नै हुन्छ । हाम्रो शरीरिक बनावट नै त्यस्तै हुन्छ ।

समाजले महिलालाई आर्थिक रूपमा कमजोर बनाइदिन्छ । पुरुष जन्मिँदै सम्पत्तिको मालिक भएर जन्मिन्छ । समाजमा आर्थिक रूपमा पुरुष अघि हुन्छ । पुरुष आफ्नो सम्पत्तिको हकदार आफैँ हुन्छ । साहसी काम गर्नु महिलाका लागि सामाजिक चुनौती पनि छ ।

मलाई विवाह गरेर बच्चा जन्माउन छाडेर कहाँ हिमाल जान खोजेको भन्नेजस्ता प्रश्न पनि आइरहन्छ । प्रत्यक्ष नभने पनि हामीलाई यसरी पनि हेरिन्छ । महिलाले हिमाल चढेर के परिवर्तन आउँछ ? भनेको पनि सुनिन्छ ।

हिमाल चढ्न थालेपछि 'तिमी यस्ती फुच्ची छ्यौ । बोकेर चढाइदिएहोला ? पनि भन्छन् । तर, यस्तो प्रश्न पुरुषलाई सोधिँदैन । महिला भएर यस्ता-यस्ता प्रश्नको सामना गरिरहनुपर्छ । मलाई लाग्छ, यी मान्यता भत्काउन हामी आफैँ अघि बढ्नुपर्छ । हामीले नै साहस गर्नुपर्छ ।

जाइफललालका नियमहरू

त्यसैबखत जाइफललाललाई नयाँ नियम फुऱ्यो- जाइफललालको सामाजिक सञ्जाल बर्गैंचामा राता पानपत्ता मात्रै फुल्छ

व्यंग्य



● रवि मिश्र

अरू कुरा त्यस्तै हो । भइ नै राख्छन् । जाइफललाललाई खाने वेलामा जिस्क्याएको मन पर्दैन ।

अरू अवस्था सामान्य अवस्था हुन् । भइ नै राख्छन् । खाने अवस्था विशेष अवस्था हो । जो बिरलै आउँछ । त्यही वेलामा निहुँ खोज्छन् । तरिका होइन नि । कम्तीमा खानु त पर्छ नि । मुख मिठ्याएर बस्यो । अरूले खान्की उछिट्याउँछ । बत्तीस सिटेले लुड्याएको लुड्यायै गर्छ । आफ्नो बकुन्द सिट पिँधै ठेस्याउनमा मात्रै सीमित छ ।

हेऱ्यो थुक निल्यो, हेऱ्यो थुक निल्यो । तोइत ! यी किल्किली थुक निल्न मात्रै हो ? यी रुद्रघण्टी किल्किलीको जलारीबाट थुकै खन्याउन मात्रै होइन नि । जाइफललाललाई खानुपर्छ । जब खाने मौका जुट्छ । हुन्डरी छुट्छ । कसले के भन्छ, कसले के भन्छ । खाने समय खाने नै हो नि । जिस्किने होइन नि । जाइफललाललाई खाने वेला जिस्क्याएको मन पर्दैन ।

सदाझैँ जाइफललालले खान लागेको थियो । पालक पनिरको पहिलो ठेउकोलाई मुखमा हाल्नेबित्तिकै फोनको 'टुङटुङ'ले उसको शान्ति भत्काइदिन्थ्यो । 'किन यो पनिरमा गुन्द्रुकको स्वाद आएको ?' एउटा प्रश्नले उसको फिडमा कम्पन सिर्जना गरेको थियो । उसले आफ्नो 'अरिंगाल सेना'लाई आदेश दिए- यो प्रश्न गर्नेको आइपी ठेगान खोजेर उसको फ्रिज पनिरविहीन गरिदेऊ !' जाइफललाललाई प्रश्न सोध्ने । त्यही पनि खाने वेलामा ।

जाइफललाललाई नियम फुऱ्यो- खाने वेलामा सामाजिक सञ्जालमा प्रश्न गर्नेलाई 'राष्ट्रिय स्वादविरोधी' घोषणा गरी पाँच लाख जरिवाना ।

जाइफललाल खवाइको जत्तिकै स्मार्टफोन स्क्रोलिङको नि पारखी छ । स्मार्टफोन स्क्रोल गर्दै सोसल मिडियामा आफ्नो तारिफ सुन्दै मुसुमुसु हाँस्नु उसको सोख हो ।

जाइफललालको 'लाइक' र 'सेयर'को बर्गैंचा फस्टाएको थियो । उसको फेसबुक पेजमा 'जाइफल बा, तपाईंको बुद्धिमत्ताले नेपाललाई स्वर्ग बनाउँदै छ !' कमेन्टहरूले र 'आई लभ यु जाइफल बा' शब्दसहितका राता पानहरूले हराभरा हुन्थे । 'समृद्ध जाइफलकिस्तान, सुखी जाइफलकिस्तानी'- जाइफललालको नारा थियो । जाइफललालले एक दिन फेसबुकमा लेखे- जाइफलकिस्तान स्वर्ग हो । लोडसेडिङले आजित एक जाइफलकिस्तानी युवाले 'स्वर्गमा बिजुली कटौती हुँदैन नि त' लेख्दा प्रोफाइल चारपाटा मुडेर सदाका लागि साइनआउट गराइयो ।

त्यसैबखत जाइफललाललाई नयाँ नियम फुऱ्यो- जाइफललालको सामाजिक सञ्जाल बर्गैंचामा राता पानपत्ता मात्रै फुल्छ । प्रश्नमा यो झुल्दैन ।

एकदिन जाइफललालले जाइफललाल अनिकाल भन्ने ट्रेन्डिङ ह्यासट्याग देखे । उसको अनुहार आगोजस्तो रातो भयो । उसले तुरुन्त 'सामाजिक सञ्जाल आपत्काल' लागू गरी जाइफलको आकार र प्रकारसँग सम्बन्धित १९ प्रकारका ह्यासट्याग प्रतिबन्ध लगायो । यस्ता ट्यागहरूले 'राष्ट्रिय सुरक्षामा खतरा' उत्पन्न गर्छ भन्ने ठम्याइ जाइफललालको थियो ।

जाइफललाललाई नयाँ नियम फुऱ्यो- जाइफलविरोधी ह्यासट्याग प्रयोग गर्नेलाई 'साइबर ट्याग टेरोरिस्ट' घोषणा गरी तीन लाख जरिवाना ।

जाइफललालको मुटु धड्किएको थियो । धड्किनुको नि कारण थियो– एउटा मिममा बाफलमा काफल, काफल खाँदै जाइफल' लेखिएको थियो । 'यो कस्तो अनर्थ !' बार्दलीमा बसेर सुन्तला र अनार खाँदै छु । अनारलाई काफल भन्दिने ? यस्तो फेक कुरा गर्ने ? अनार यत्रो हुन्छ, काफल त्यत्रो हुन्छ । यो सामान्य फेक होइन, डिप फेक नै हो । मनमनै उसले 'डिप फेक नियन्त्रण विभाग' गठन गऱ्यो ।



जाइफललालको मुटु धड्किएको थियो । धड्किनुको नि कारण थियो– एउटा मिममा बाफलमा काफल, काफल खाँदै जाइफल' लेखिएको थियो । 'यो कस्तो अनर्थ !' बार्दलीमा बसेर सुन्तला र अनार खाँदै छु । अनारलाई काफल भन्दिने ? यस्तो फेक कुरा गर्ने ?

अर्को नियम फुरिहाल्यो– अब कसैले पनि नेताको फोटो एनिमेसन, कार्टुन वा मेमे बनाउन नपाउने । यसलाई 'डिजिटल रूपोहरण'अन्तर्गत पाँच लाख जरिवाना र एक वर्ष जेल ।

अझै पनि यदाकदा जाइफललालको आँखा– राता पानसहितका 'आई लभ यु जाइफल बा' मा पर्छन् ।

जाइफललालका शरीरमा एक्कास्सी रक्त सञ्चार तेज हुन्छन् । अनुहारमा बेग्लै उज्यालो छाउँछ । जाइफललाललाई लाग्छ । सबैले बिहान उठेर 'आई लभ यु, जाइफल बा' लेखे कस्तो हराभरा हुन्थ्यो होला । मेरो मानसिक शान्तिका लागि कस्तो लाभ हुन्थ्यो होला ।

नयाँ नियम फुऱ्यो– हरेक प्रयोगकर्ताले कमेन्ट अघि 'आई लभ यु जाइफल बा !' लेख्नुपर्ने ।

जाइफललाललाई विभिन्न खाले समृद्धिजन्य चुट्का फुरिराख्छन् । एक दिन वाइफाईमार्फत इन्टरनेट दुनियाँमा आफ्नो नाम चम्काउने अजुल्याई फुऱ्यो ।

जाइफललालले लाइभ स्ट्रिम गर्दै भने,'मेरो नयाँ योजनाः जाइफलकिस्तानमा हरेक घरमा जाइफल फ्री वाइफाई !'

कमेन्टमा कोरस चल्यो– जाइफल फ्री रे ? भनेसी त्यो वाइफाईमा कनेक्ट भएसी जाइफललाल झेलिराख्नुपर्दैन ! अर्को दिन उसले 'लाइभ स्ट्रिमिङ नियमावली' जारी गऱ्यो : अब लाइभमा 'वाह, क्या बात' मात्र भन्ने । सवाल गर्नेलाई 'डिजिटल म्युट' गरी इन्टरनेटबाट नै हटाउने ।

जाइफललालले न त स्क्रोलिङ आदतलाई हटाउन सक्यो । न त स्क्रिनमा स्क्रोलनीय जिनिस नै फेला पाऱ्यो । आफ्नै फोनमा पनि स्क्रोलनीय जिनिस नहुनु जाइललालाई 'राष्ट्रिय स्क्रोल संकटकाल' लागिरहेको थियो । संकटमोचनका लागि उसले आफ्नै फोनमा 'सकारात्मक स्क्रोलिङ एक्ट' लगाए– अब उसको फिडमा मात्रै रातो पान, प्रशंसा र 'जाइफल बाको जय'का पोस्टहरू देखिन्थे । अनि अरूकोमा ? उपाय फुऱ्यो अरूले नकारात्मक स्क्रोल गरेमा उनीहरूको फोन स्वतः 'पानीपुरी रेसिपी'मा रिडायरेक्ट हुने ।

नयाँ नियम फुराए- नेगेटिभ स्क्रोल गर्नेलाई 'साइबर मोसन सिकनेस'को आरोपमा ५० हजार जरिवाना ।

जाइफललालका 'अरिंगाल सेना'ले ट्विटरमा विरोधीलाई धम्की दिँदै थिए– तिम्रो आइपी ठेगान हामीलाई थाहा छ !'

तर, एक दिन सेनाकै सदस्यले 'जाइफललाई खान दिनुहोस्' भन्ने पोस्ट गरिदिएपछि उनीहरू 'बारुला सेना'मा परिवर्तन भए । अब उनीहरूले मात्रै फूल, तितो सत्य र प्रश्नहरूमा मौरीझैँ गुञ्जन गर्न थाले ।

मौरीपछि बिस्तारै झिंगामा परिणत भएर जाइफललालकै खान्कीको वरिपरि घुम्न थाले । तपाईंलाई थाहै छ जाइफललाई खाने वेलामा जिस्क्याएको मन पर्दैन । भन्किएको मन पर्दैन ।

जाइफललालको अरिंगाल सेनाप्रति नि विश्वास हरायो ।

जाइफललालले 'सामाजिक सञ्जाल नियमन महोत्सव' आयोजना गरे । यसमा नागरिकहरूले नियमको नक्कल गरी नाच्नुपर्ने थियो । नत्र जरिवाना हुने थियो । एकजनाले 'जरिवाना नाच' प्रस्तुत गर्दै भने– 'पाँच लाख तिरेर नाच्दा पनि मन खुसी !' अर्कोले 'ह्यासट्याग टांगो' नाचेर सबैलाई हँसाए । जाइफललालले यसलाई 'सांस्कृतिक विरोध' भनेर प्रतिबन्ध लगाए ।

ठ्याक्कै त्यतिवेलै जाइफललालको प्रतिभा प्रस्फुटन भइहाल्यो । नयाँ नियम फुऱ्यो : महोत्सवको मजाक बनाउनेलाई 'साइबर नृत्य अपराधी' घोषणा गरी १० लाख जरिवाना ।

यी र यस्तै नियम उटटाप लेख्दालेख्दै जाइफललालको फोनको मेमोरी फुल भएछ । यी सबलाई मिलाएर संसद्मा पेस गर्ने र कानुनको रूपमा पास गर्ने योजना थियो रे जाइफललालको । तर, संसदमै ट्रोल हुने देखिएसी संसद् बंक गरेर टिकटकरहरूसँग रल्लिरहेको देखिएको थियो सामाजिक सञ्जालमा । त्यसपछि के भयो थाहा छैन ।

खैर जे होस् । अरू कुरा त्यस्तै हो । भइ नै राख्छन् । जाइफललाललाई खानेवेलामा जिस्क्याएको मन पर्दैन । नजिस्क्याउनु होला ।



क्यानभास

न्युड आर्टमा समाजको पीडा

'चित्रमार्फत मानिसका दबिएका कथा भन्छु'

● **कपिलमणि दीक्षित**, चित्रकार

होइन । मानिसको भित्री महसुसलाई मैले रङमार्फत पेन्टिङ गरेको हुँ । यसलाई मैले न्युड आर्ट भन्छु ।

चित्रमार्फत मैले आफूभित्रको भावना व्यक्त गर्न पाउँछु । त्यसैले मैले मान्छेको भोगाइ चित्रमा उतार्छु । मान्छेको आ-आफ्नै भोगाइ हुन्छन् । जुन उनीहरूले बाहिर व्यक्त गर्न सकेका हुँदैनन् । उनीहरूको पीडालाई आधार मानेर चित्र बनाउँछु । मेरो चित्रमा मानिसको पीडा र भोगाइ भेटिन्छ ।

चित्रमा महिला र पुरुष दुवै पात्रका रूपमा हुन्छन् । यौन दुर्व्यवहारमा परेका महिलाको कथा पनि चित्रमा व्यक्त गरेको छु । दुर्व्यवहारमा परेका महिलालाई समाजले घृणा गर्छ । समाजले उल्टो उसैले अपराध गरेजसरी हेर्छ । तर, दुर्व्यवहारमा परेका महिलाको पीडा कति हुन्छ होला ? हो, मैले उनीहरूको भोगाइको पीडालाई चित्रमा उतारेको छु ।


न्युड आर्ट भन्नेबित्तिकै धेरैले नकारात्मक रूपमा लिइन्छ । न्युड भन्नेबित्तिकै महिला पात्र मात्रै हुन्छन् भन्ने बुझाइ पनि छ । तर, पुरुषको पनि न्युड आर्ट गरेको छु । पुरुषहरूको आफ्नो भोगाइ हुन्छ । उनीहरूको भावलाई कलामा उतारेको छु । मेरो चित्रमा मान्छेको भोगाइको कथा हुन्छ ।

चित्र आत्मसन्तुष्टिका लागि बनाउँछु । चित्र पैसासँग तुलना गरेर बनाउँदिनँ । कला भनेको आफ्नो आत्मसन्तुष्टिका लागि गरिने कर्म हो । तर, पैसाका लागि मात्रै चित्र बनाउनु हुँदैन । मेरा धेरैजसो पेन्टिङ विदेशमा पुग्छन् । विशेषगरी अमेरिका, युरोपका दर्शकले न्युड आर्ट रुचाउँछन् । मेरो अनुभवले नेपालमा न्युड आर्ट नबिक्ने नै भन्ने होइन । यस्तो कला बुझेका हाई प्रोफाइलका व्यक्तिले मात्रै किन्छन् ।

मैले न्युड आर्टको सुरुवात अमेरिकामै हुँदा गरेँ । त्यहाँ खुला समाज छ । त्यसैले मलाई काम गर्न सजिलो भयो । अमेरिकाको अनुभवले नेपालमा बसेर काम गर्ने थप हिम्मत पनि दियो । अमेरिकाको टेक्सास विश्वविद्यालयमा फाइन आर्टमा डिग्री सकेर फर्किएँ । नेपालमा सगरमाथा र मन्दिरहरूको मात्र बढीजसो ल्यान्डस्केप चित्र बनाइन्छ । ललितकला क्याम्पसमा दुई वर्षको पढाइ सकेर अमेरिका पढ्न जानुअघि मलाई पनि यस्तै लाग्थ्यो । न्युड आर्ट गर्छु भन्ने सोचेकै थिइनँ, त्यहाँ पढेपछि मात्रै जीवनको लक्ष्य नै न्युड आर्टतर्फ मोडियो ।

प्रस्तुति : **पवन बराइली**

भक्याप्पै !



रवि मिश्र
@rabimishra



बहुमूल्य श्रीखण्ड

पृथ्वीनारायण शाहले नुवाकोट विजय गरेपश्चात् चीनका बादशाहलाई श्रीखण्डको रुख उपहार पठाई सम्बन्ध विस्तार गरेको बुझिन्छ



चीनको बेइजिङमा रहेको लामा मन्दिर



नेपालबाट लगिएको सिंगो चन्दन रुखबाट बनाइएको मैत्रेय बुद्धको मूर्ति



गिनिज बुक अफ वर्ल्ड रेकर्डको सर्टिफिकेट

वनस्पति



● विजयराज पन्त

नेपाली भाषामा श्रीखण्ड वा चन्दन भनेर बुझिने वनस्पतिलाई अंग्रेजी भाषामा 'स्यान्डलउड' भनिन्छ। 'स्यान्टलेसियाई' वानस्पतिक परिवारभित्र पर्ने यो प्रजातिको वैज्ञानिक नाम 'स्यान्टलुम एल्बम लिन्ना' हो। श्रीखण्डलाई संस्कृतमा चन्दन, श्रीखण्ड, भद्रश्री, तेलपर्निक, गन्धसार, मलयज, चन्द्रध्युती आदि विभिन्न नाम दिइएको छ भने हिन्दीमा चन्दन, श्वेत चन्दन, सफेद चन्दन आदि भनिन्छ।

श्रीखण्ड १२ देखि १५ मिटर अग्लो हुने एक सदावहार वनस्पति हो। २०० देखि १६०० एमएमसम्म वर्षा हुने क्षेत्रहरू, पाँचदेखि ४८ डिग्रीसम्म तापक्रम हुने सबै ठाउँमा श्रीखण्ड हुन्छ। यो समुद्र सतहबाट २००० मिटर उचाइसम्मका क्षेत्रमा अर्थात् तराई, पहाड जता पनि हुन सक्ने वनस्पति हो। यसको खेतीका लागि ६.५ देखि ८.५ पिएच मानसम्म भएको पानी नजम्ने बलौटे माटो उपयुक्त मानिन्छ। व्यावसायिक रूपमा रुख तयार हुन कम्तीमा पनि १५ वर्ष लाग्छ र जति बढी वर्षको रुख भयो, त्यति बढी बास्नादार, चुरो काठ बन्नुका साथै तेलसमेत झनै गुणस्तरीय हुन्छ। यसको बास्नादार काठको प्रयोग धार्मिक कर्म, औषधि निर्माण, सौन्दर्य सामग्री तथा बहुमूल्य तेल, सेन्ट, धुप, अगरबत्ती, साबुन आदि निर्माण गर्न र हस्तकलाका सामग्री बनाउनमा गरिन्छ।

विश्वभरिमा श्रीखण्डको जम्मा १८ वटा उपप्रजाति रहेकोमा दुईवटा पूर्ण रूपमा लोप भइसकेको र अब १६ उपप्रजाति मात्र अस्तित्वमा छन्। यी १६ उपप्रजातिमध्ये पनि जम्मा पाँचवटामा मात्र व्यावसायिक रूपमा तेल उत्पादन गर्न मिल्ने हुन्छ। ती पाँचवटामा पनि सबैभन्दा बढी तेल र बास्ना हुने उपप्रजाति केवल श्रीखण्ड हो, जुन नेपाल, भारत, इन्डोनेसियामा मात्र पाइन्छ।

श्रीखण्ड अति बहुमूल्य वनस्पति भएकाले यसको काठ र तेल पनि प्रतिकिलो र लिटरका दरले बिक्री-वितरण हुने गर्छ। हाल अन्तर्राष्ट्रिय बजारमा श्रीखण्डको चुरो काठ प्रतिकिलो ८-१० हजारबाट सुरु भई गुणस्तरीयताको आधारमा २०-२२ हजारसम्ममा खरिदबिक्री भइरहेको छ। नेपालमा भने प्रतिकिलो कम्तीमा चार हजार रुपैयाँदेखि खरिद-बिक्री सुरु भइरहेको भए पनि अधिकतम कुनै निश्चित मूल्यदर छैन। खरिद-बिक्रीकर्ताको सहमतिमा निकै फरक-फरक दररेट रहेको पाइन्छ। जेहोस् नेपालको सन्दर्भमा अहिले नै पनि १५ वर्षभन्दा माथिको रुखको चुरो काठ र जराको तौल २०-२५ किलो उत्पादन भइरहेको र चार हजारका दरले बिक्री-वितरण भइरहेको अवस्थामा पनि एकै श्रीखण्ड रुखबाट लगभग एक लाखसम्म आम्दानी भइरहेको छ। सामान्य कृषकले पनि यस्तो बहुमूल्य वनस्पतिको सयवटा मात्र गुणस्तरीय बिरुवा आफ्नै घरबरिपरि, कान्ला बारी, खेतको आलीमा वा बाँझो पाखो जमिनमा मात्रै रोपण गरी उत्पादन गरे पनि १५ वर्षमा उसले करोड रुपैयाँ आम्दानी गर्न सक्छ। सरकारी र निजी क्षेत्रबाट चन्दन उत्पादक कृषक समूह निर्माण, प्राविधिक सहयोग र तालिम, गुणस्तरीय निःशुल्क बिरुवा प्रदान र उत्पादित चन्दन खरिद, प्रशोधन र राष्ट्रिय-अन्तर्राष्ट्रिय बजारमा बिक्री-वितरणको सुनिश्चितता मात्र गर्न सक्ने हो भने नेपालमा चन्दनमा आधारित जलवायु परिवर्तन मैत्री हरियाली प्रवर्द्धन, उद्योगधन्दाको स्थापना र सञ्चालन र रोजगारी सिर्जना हुनुका साथै राष्ट्रिय आम्दानीको एउटा गतिलो नयाँ बाटो र आधार स्थापना हुन सक्ने देखिन्छ।

'जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बिँड' भनेजस्तै हामीलाई यस्तो बहुमूल्य वनस्पति चन्दनको महत्त्व बुझ्न नै साह्रै ढिलो भइसक्यो। यति मात्र होइन, हाम्रा वनस्पतिका विद्वान्ले त श्रीखण्ड नेपाली प्रजाति नै होइनसम्म भन्न भ्याएका छन् र यस्तो बहुमूल्य वनस्पतिलाई आधिकारिक रूपमा जडीबुटी खेतीअन्तर्गत पनि राखेका छैनन्। पशुपतिनाथको मन्दिरमा समेत सधैं भारतसित मागेर चन्दन घोट्ने बानी परेकाले होलान् नेपालको श्रीखण्डको इतिहास, अवस्था र व्यावसायिक उत्पादनको सम्भावनाबारे सोच्ने कसैलाई चासो र फुर्सद नै देखिँदैन। नेपालकै विभिन्न ठाउँमा अहिले पनि श्रीखण्डको रुखहरू रहेको र कानुनी रूपमै कटान र बिक्री-वितरण भइरहेको जानकारी पनि धेरै व्यक्तिलाई छैन। समयमै सरकार र निजी क्षेत्रले नेपाली श्रीखण्डको संरक्षण, संवर्द्धन र व्यावसायिक खेती प्रवर्द्धनमा लाग्नसमेत जरुरी देखिन्छ।

श्रीखण्डको प्राकृतिक क्षेत्र र अवस्था

प्राकृतिक रूपमा श्रीखण्ड ३० डिग्री उत्तरदेखि ४० डिग्री दक्षिण, अर्थात् पूर्वमा इन्डोनेसियादेखि पश्चिममा जानफर्नान्डेज टापु (चिले) सम्म र उत्तरमा हावाइन आर्किपेलागोदेखि दक्षिणमा न्युजिल्यान्डसम्मको क्षेत्रमा पाइन्छ। विभिन्न उपप्रजातिका श्रीखण्ड भारत, श्रीलंका, इन्डोनेसिया, चीन, अस्ट्रेलिया, जापान, बेल्जियम, हल्यान्ड, नर्वे, रसिया, स्विट्जरल्यान्ड र अमेरिका आदि विभिन्न देशमा पाइए पनि मुख्यतः प्राकृतिक रूपमा पाइने देशहरू भारत, इन्डोनेसिया र अस्ट्रेलिया नै हुन्।

भारतमा सन् १९७७/७८ मा गरिएको पहिलो चन्दन सर्वेअनुसार भारतभरि नै छिटफुट रूपमा सबै क्षेत्रमा चन्दन पाइए पनि प्राकृतिक रूपमा कर्नाटक राज्यको दक्षिण क्षेत्र र तमिलनाडु राज्यको उत्तरी क्षेत्रमा प्राकृतिक जंगलका रूपमा सबैभन्दा बढी चन्दन रहेको पुष्टि भएको छ। उक्त क्षेत्रमा मात्रै आठ हजार ३०० स्क्वायर वर्गकिलोमिटरमा चन्दनको प्राकृतिक जंगल रहेको छ, जुन भारतभरिको चन्दनको ९० प्रतिशतभन्दा पनि बढी हुन आउँछ।

चन्दन भारतमै उत्पत्ति भएको भारतको स्वदेशी प्रजाति हो र यसको प्रयोग रामायण र महाभारतकालदेखि निरन्तर हुँदै आइएरहेको छ भन्ने भारतीय अनुसन्धानकर्ता र वनस्पतिविज्ञहरूले बताउने गरेका छन्। केही अन्य विज्ञ भने चन्दनको मूल उत्पत्तिस्थल भारत नभई इन्डोनेसिया रहेको र पछि त्यहाँबाट भारत भित्रिएको भन्ने विचार राख्छन्। जे होस्, चन्दन प्राकृतिक जंगलको रूपमा विश्वभरिमा भारत नै अग्रस्थानमा छ।

नेपालको सन्दर्भमा श्रीखण्ड

नेपालको सन्दर्भमा श्रीखण्ड चन्दनको विस्तृत अध्ययन अनुसन्धान अझै हुन सकेको छैन। तर पनि भौतिक रूपमा चन्दनको उपलब्धताको आधारमा हेर्दा प्युठान, गोर्खा, रोल्पा, रुकुम, बझाङ आदि विभिन्न जिल्लामा श्रीखण्डका रुख भेटिएका छन्। छिटफुट रूपमा दुई-चारवटा रुख सुदूरपूर्वदेखि सुदूरपश्चिमका तराई र पहाडी जिल्लामा पनि भेटिएका छन्। प्युठान र बझाङमा ससानो सामुदायिक वनमा पनि श्रीखण्ड वनस्पति छ। तर, यी श्रीखण्ड बिरुवा नेपालकै रैथाने हुन् कि भारतबाट बिरुवा ल्याएर लगाइएका हुन् भन्नेमा अधिकांश व्यक्तिको मत बझिएको छ। धेरैको भनाइअनुसार केही दशकअघि विभिन्न व्यक्तिले धार्मिक दृष्टिकोणले भारतबाटै बिरुवा ल्याएर आ-आफ्नो घरबारी, मठ-मन्दिरमा लगाएको र ती बिरुवामा फलहरू फल्न थालेपछि चराचुरुंगीले ती फल खाई विभिन्न स्थानमा दिसा गरी पुनः त्यो बिउ नयाँ-नयाँ ठाउँमा उम्रँदै नयाँ-नयाँ रुख बन्दै र हुकँदै गएका हुन्।

तर, यो लेखका लेखकले दक्षिण भारतको ब्याङ्लोरमा अवस्थित वनविभागको एकजना चन्दन विशेषज्ञसँगको गरेको अन्तर्क्रिया अनुसार नेपालमा परापूर्वकालदेखि नै प्राकृतिक रूपमा श्रीखण्ड रहेको र पछि कुनै कारणवश लोप हुन गएको हो। अर्को ऐतिहासिक घटना विवरण र तथ्यअनुसार चीनको राजधानी बेइजिङमा रहेको प्रख्यात लामा मन्दिरमा विश्वकै सबैभन्दा अग्लो मैत्रेय बुद्धको मूर्ति छ, जुन एउटै श्रीखण्ड रुखबाट कुँदेर बनाइएको छ। यो मूर्ति जमिनमाथि १८ मिटर अग्लो र जमिनमुनि आठ मिटर गरी जम्मा २६ मिटर अग्लो र मोटाइ व्यास आठ मिटर रहेको छ। उक्त चन्दनको विशाल मूर्ति बनाउन नेपालबाट एउटा चन्दनको विशाल रुख १२०० भरियाले बोकेर लगेको र यसरी बोकेर तीन वर्षमा बेइजिङ पुऱ्याइएको भन्ने इतिहास छ। यो चन्दनको रुख तत्कालीन नेपालका राजा र तिब्बतका सार्तौं दलाई लामा केल्साङ ग्यात्सोले संयुक्त रूपमा चीनका बादशाह छिङलोङलाई उपहार दिएको भनिन्छ भने केहीले तिब्बतका सार्तौं दलाई लामाले नेपालबाट धेरै धनराशीमा खरिद गरी उपहार दिएको भनेर लेखेका छन्। चिनियाँ अनलाइनको जानकारीअनुसार यो चन्दनको रुख नेपालको कपिलवस्तुबाट लगिएको थियो। केही व्यक्तिका अनुसार त नेपालदेखि बेइजिङसम्म उक्त विशाल चन्दनको रुख पुऱ्याउन पृथ्वीनारायण शाहको तत्कालीन गोर्खा सेनाको भूमिका थियो।

विश्वभरिमा श्रीखण्डको १८ उपप्रजाति रहेकोमा दुईवटा पूर्ण लोप भइसकेको र अब १६ उपप्रजाति मात्र अस्तित्वमा छन्। यीमध्ये पनि पाँचवटामा मात्र व्यावसायिक रूपमा तेल उत्पादन गर्न मिल्ने हुन्छ। तिनमा पनि सबैभन्दा बढी तेल र बास्ना हुने उपप्रजाति श्रीखण्ड हो, जुन नेपाल, भारत, इन्डोनेसियामा मात्र पाइन्छ।

एकजना भारतीय चन्दन विशेषज्ञले आफ्नो पुस्तकमा लेखेअनुसार चीनका बादशाहलाई उपहारस्वरूप उक्त विशाल चन्दन रुख दिइएको समयमा नेपालमा पृथ्वीनारायण शाहले भर्खर नयाँ नेपालको सिमाना बढाइरहेको र नयाँ परिवेशमा उनले एकातिर तत्कालीन भोट तिब्बतसित पनि कूटनीतिक र व्यापारिक समझदारी गर्नुपर्ने र चीनसित पनि सम्बन्ध राम्रो बनाउने आवश्यकता थियो। अर्कोतिर जितेका राज्य बचाइराख्ने र बाँकी राज्यमा पनि आक्रमण गरी सिमाना बढाउनुपर्ने भएकाले हतियारको आवश्यकता पनि थियो। यसै क्रममा उनी भारतको वनारसमा आएर हतियार लिएर गए। यसै सिलसिलामा चीनको बादशाह खुसी पार्न चन्दनको रुख पनि खोजे र तिब्बती दलाई लामासित मिलेर रुख उपहार पठाए। उक्त चन्दनको रुख उत्तर भारतबाट लगेको हुन पनि सक्छ, नेपालकै तराई क्षेत्र को पनि हुन सक्छ भनी भारतीय विशेषज्ञले लेखेका छन्।

यसै सन्दर्भमा 'गिनिज बुक'को सर्टिफिकेटमा 'बेइजिङ चाइनामा रहेको लामा मन्दिरमा १८ मिटर अग्लो मैत्रेयको मूर्ति एउटा चन्दनको सिंगो रुखलाई कुँदेर बनाइएको छ, जुन चन्दन रुख नेपालबाट ल्याइएको थियो र १७५० मा निर्माण सम्पन्न गरिएको थियो भनिएको छ।

यी तथ्य र प्रमाण हेर्दा पृथ्वीनारायण शाहले नुवाकोट विजय गरेपश्चात् र काठमाडौं उपत्यका आक्रमण गर्नुपूर्व तिब्बती दलाई लामाको सहयोग र साझेदारीमा चीनका बादशाहलाई विशाल चन्दनको रुख उपहार पठाई चन्दन कूटनीतिको माध्यमबाट एकैसाथ दलाई लामा र चिनियाँ बादशाहसित सम्बन्ध विस्तार गरेको बुझिन्छ। तर, नेपालको राजनीतिक इतिहासमा पृथ्वीनारायण शाहको यो चन्दन कूटनीति कहीं कतै उल्लेख भएको देखिँदैन। यो विषयबारे अनुसन्धान गरी पत्ता लगाउने र यसको आधिकारिकता पुष्टि गर्ने जिम्मा हामी सबैको हो।


जे होस्, चीनको बेइजिङमा अवस्थित लामा मन्दिर र त्यहाँ रहेको मैत्रेय बुद्धको विशाल चन्दन-निर्मित मूर्ति, गिनिज बुकमा उल्लेख भएको विवरण र नेपाली १२०० भरियाले नेपालबाट श्रीखण्डको रुख बोकेर तीन वर्षमा चीनको बेइजिङ पुऱ्याएको कथन, चिनियाँ अनलाइनमा चन्दन रुख कपिलवस्तुबाट ल्याइएको भन्ने रेकर्ड आदिका आधारमा नेपालबाटै उक्त रुख लगिएको प्रमाणित हुन्छ। साथै यी प्रमाणका आधारमा श्रीखण्ड चन्दन परापूर्वकालदेखि नै नेपालमा रहेको तथ्य पनि प्रस्ट हुन आउँछ।

नेपालमा विभिन्न ठाउँका नाम पनि चन्दनको नामले राखिएको भेटिन्छ। जस्तै- चन्दनबारी, श्रीखण्ड, चन्दननाथ आदि नाम भएका ठाउँमा पहिले यो चन्दन वनस्पति प्रशस्त पाइने भएकाले ती नाम दिइएका पो हुन् कि ? यो एउटा अध्ययनको विषय हो। पूर्ण अध्ययन र खोजविना नै चन्दन नेपाली प्रजाति होइन भनेर ठोकुवा गरिहाल्न मिल्दैन। त्यसो गर्दा आफ्नै देशको बहुमूल्य वनस्पति श्रीखण्डप्रति अन्याय गरेको ठहरिनेछ।

(चन्दन विशेषज्ञ पन्त नेपाल चन्दन प्रालिका संस्थापक हुन्।)

एआईको अर्थशास्त्रमा डिपसिकको धावा

डिपसिकको वास्तविक प्रभाव एआई प्रविधिमा होइन कि एआईको अर्थशास्त्रमा छ



तस्विरः एण्डी वङ/एपी

प्रविधि



● केनान मलिक

चिनियाँ जेनेरेटिभ आर्टिफिसियल इन्टलिजेन्स (एआई) अर्थात् च्याटबोट 'डिपसिक आर१'को आगमनले ठुला प्रविधि कम्पनीका सेयर मूल्यमा भारी गिरावट र एआई प्रविधिमा अमेरिकी प्रभुत्व सकिएको प्रलाप निम्त्याउँदै प्रविधि जगत्मा तहल्का नै मच्चायो। तथापि, डिपसिकसँग 'स्पुतनिक परिघटना/क्षण'को तुलनाले भने यस च्याटबोटबारे भन्दा पनि अमेरिकी भयकै बढी उजागर गर्छ।

सोभियत संघले जब सन् १९५७ को अक्टोबर ४ मा 'स्पुतनिक-१' भूउपग्रह प्रक्षेपण गरी पहिलोपटक मानव निर्मित अन्तरिक्षयानलाई पृथ्वीको कक्षमा पुऱ्यायो तब विश्व नै विस्मयमा परेको थियो र 'स्पुतनिक मोमेन्ट (क्षण)' घटित भएको थियो। सहीचाहिँ चन्द्रमाको सतहमा टेकेको आफ्नो एउटा 'सानो पाइला' 'मानवजातिका लागि महान् छलाङ' भएको भनि निल आर्मस्ट्रङले गरेको ऐतिहासिक टिप्पणीबाट सापटी लिनु अझ अर्थपूर्ण र सान्दर्भिक उद्धरण हुन्छ।

शीतयुद्धमा यो एउटा महत्त्वपूर्ण क्षण थियो। ह्वाइट हाउसको एउटा गोप्य रिपोर्टले 'अमेरिकी प्रतिष्ठा'मा 'गम्भीर आँच पुऱ्याएको' र सोभियत संघलाई 'शीतयुद्धमा फाइदा' दिलाएको चिन्ता व्यक्त गर्छ। त्यही त्रासले वासिङ्टनलाई आफ्नो अन्तरिक्ष कार्यक्रमलाई नयाँ आकार दिन प्रोत्साहित गऱ्यो। अपोलो मिसनलाई उत्प्रेरित गर्ने काम गऱ्यो र त्यसको उत्कर्षका रूपमा सन् १९६९ को जुलाई २० का दिन आर्मस्ट्रङ र बज एल्ड्रिन पृथ्वीभन्दा बाहिरको खगोलीय पिण्ड चन्द्रमामा पाइला टेक्ने पहिलो मानिस बन्न पुगे।

चिनियाँ हेज फन्डबाट प्रायोजित डिपसिक एउटा उल्लेखनीय उपलब्धि भने हो। तर, तथ्यसंगत रूपमा भन्नुपर्दा, मौजुदा लार्ज ल्यांग्वेज मोडेल्स (एलएलएम)लाई यसले थप विकसित बनाएको होइन। न यो ओपनएआईको 'च्याटजिपिटी' वा एन्थ्रोपिकको 'क्लाउड'भन्दा छिटो र 'चतुर' नै छ। यो पनि अन्य सबै एलएलएमहरूले प्रदर्शन गरेकै जस्तो आफ्ना डाटाका ग्याप भर्न गलत उत्तर दिने वा बनावटी 'तथ्यहरू' सिर्जना गर्ने 'मतिभ्रम (हेलुसिनेसन्स)'बाट ग्रसित छ। समाचार र जानकारीमूलक वेबसाइटहरूको रेटिङ प्रणाली 'न्युजगार्ड'का अनुसार डिपसिकको च्याटबोटले ३० प्रतिशत समय गलत दाबी पस्किएको भने ५३ प्रतिशत प्रश्नहरूको कुनै जवाफ दिएन। (१० अग्रणी च्याटबोटमाथि गरेको न्युजगार्डको पछिल्लो अडिटमा यो दर क्रमशः ४० र २२ प्रतिशत थियो।)

यो आँकडाले सबै एलएलएमको गम्भीर अविश्वसनीयतालाई नै उजागर गर्छ। विशेषगरी, डिपसिकको जवाफ नदिने उच्च दर यसको सेन्सर (नियन्त्रण)को नतिजा हुन सक्छ। तियानमेन स्क्वायर होस वा ताइवान जस्ता चीनले प्रतिबन्धित गर्न चाहने तथ्यबारे अथवा उसले संवेदनशील ठानेका कुनै पनि विषयमा जवाफ दिन डिपसीप अस्वीकार गर्छ।

डिपसिकको वास्तविक प्रभाव एआई प्रविधिमा होइन कि एआईको अर्थशास्त्रमा छ। यो मौजुदा अन्य अग्रणी मोडेलजत्तिकै सक्षम र उत्तिकै त्रुटिपूर्ण च्याटबोट हो, तर यो निकै न्यून लागत र सामान्य प्रविधिबाट नै निर्माण हुन सकेको छ।

सन् २०२२ मा बाइडेन प्रशासनले लागू गरेको चीनलाई उन्नत चिप्स र त्यस्ता चिप बनाउने उपकरण बिक्रीमाथिको प्रतिबन्धलाई त्यसयता कैयौंपटक थप कसिलो बनाउँदै लगिएको थियो, जुन प्रतिबन्ध उन्नत प्रविधिमा बेइजिङको पहुँच सीमित बनाउन डिजाइन गरिएको हो। यसले हतोत्साहित गराउनेभन्दा पनि उल्टो चिनियाँ अनुसन्धाताहरूलाई अझ नवप्रवर्तनात्मक बन्न उत्प्रेरित गरेको हुन सक्छ।

डिपसिक प्रयोगका लागि निःशुल्क पनि छ र यसको स्रोत (ओपन सोर्स) सबैका लागि खुला छ। न्यून लागत र ओपननेसको यो संयोजनले एआई टेक्नोलोजीको लोकतन्त्रीकरणमा मद्दत गर्न सक्छ, जसले अरूलाई विशेषगरी अमेरिका बाहिरकालाई एआईको विश्व बजारमा सहज प्रवेशका निमित्त सक्षम बनाउन सक्छ। यहाँ एक किसिमको विपरीत देखिन्छ त्यो के भने चीन यो प्रविधिलाई सबैका लागि खुला गर्दै छ, अमेरिकी फर्मचाहिँ यो क्षेत्रमा प्रवेशको प्रयास गर्ने अन्य प्रतिस्पर्धीहरूलाई सकेसम्म धेरै अवरोध सिर्जना गर्न लागिपरेका छन्।

सम्भवतः डिपसिकको सबैभन्दा ठूलो प्रभाव यहींनेर छ। यसले एआई रहस्यको पर्दा उघारिदिएको छ। सिलिकन भ्यालीले एआई टेक्नोलोजीको छविलाई एउटा बहुमूल्य र चामत्कारिक उपलब्धिको रूपमा स्थापित गर्दै आएको थियो भने यसका प्रमुख हस्ती एलन मस्कदेखि स्याम अल्टम्यानसम्मलाई एआईको नयाँ संसारका मार्गदर्शकका रूपमा चित्रण गर्दै आएको थियो। हुन त, आफैंमा पनि यो प्रविधि लगभग सबैजसो संज्ञानात्मक कार्यमा मानव क्षमतालाई उछिन्न सक्षम सुपरइन्टेलिजेन्ट मेसिन (आर्टिफिसियल जेनेरल इन्टेलिजेन्सी) अर्थात् एजिआईलाई साकार बनाउनेजस्ता जादुयी शक्तिले आभूषित छ।

गत अप्रिलमा मस्कले सन् २०२५ को अन्त्यसम्ममा एआई कुनै पनि मानिसभन्दा स्मार्ट हुने भविष्यवाणी गरे। यसैगरी, जेनेरेटिभ एआईको जारी विकासक्रमको नेतृत्व गरिरहेको प्रविधि कम्पनी ओपनएआईका प्रमुख कार्यकारी अल्टम्यानले पनि गत महिना यस्तै बयान दिए। उनले एजिआई कसरी निर्माण गर्ने भन्नेकुरा आफूहरूलाई थाहा भएको र हामीले सन् २०२५ मा पहिलो एआई एजेन्टलाई कार्यबलमा सामेल भएको देख्न पाउने कुरामा विश्वस्त रहेको दाबी पस्किए।

करिब एक दशकअघि नोबेल पुरस्कार विजेता कम्प्युटर वैज्ञानिक जियोफ हिन्टनले राष्ट्रहरूलाई 'रेडियोलोजिस्ट र त्यसखालका मेडिकल टेक्निसियनहरूलाई प्रशिक्षण दिन बन्द गर्न' आग्रह गरेका थिए। डिप लर्निङ (एआई)ले उनीहरूले भन्दा राम्रो गर्दै गइरहेको कुरा त गत पाँच वर्षमै एकदमै स्पष्ट भइसकेको छ। ओपनएआइका पूर्वकर्मचारीहरूले स्थापना गरेको कम्पनी एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकृत डारियो अमोडेई आर्टिफिसियल इन्टेलिजेन्सले पाँचदेखि १० वर्षभित्रमा मानव आयुलाई दोब्बर बनाउन सक्ने दाबी गरेका छन्। यस्ता स्वैरकाल्पनिक दाबीलाई अमेरिकाका कम्निटिभ (संज्ञानात्मक) वैज्ञानिक ग्यारी मार्कसजस्ता आलोचकहरूले खण्डन गर्दै आएका छन्। उनले त मस्कको 'एआई मानवभन्दा बुद्धिमान हुने' दाबीमाथि १० लाख डलरको बाजी थाप्न उनलाई चुनौती नै दिएका छन्।

यी तमाम आलोचनाका बाबजुद, जब एउटा स्वैरकल्पना साकार हुन असफल हुन्छ अर्को त्यसको स्थान लिन आइहाल्छ। यस्ता दाबी प्रविधिगत सम्भाव्यताबाट भन्दा पनि राजनीतिक तथा आर्थिक आग्रहबाट बढी आउने गर्छन्। हो एआई टेक्नोलोजीले अत्यन्त महत्त्वपूर्ण उपकरण प्रदान गरेको छ, गणितीय समस्याका समाधानदेखि रोगका ढाँचाको पहिचानसम्मका विशिष्ट क्षेत्रहरूमा यो मानिसलाई उछिन्न सक्षम पनि छ, तर यसको व्यावसायिक मोडेल भने प्रचारबाजी (हाइप)मा निर्भर छ। अर्बौंअर्ब डलरका लगानीदेखि न यो ओपनएआईको 'च्याटजिपिटी' वा एन्थ्रोपिकको 'क्लाउड'भन्दा छिटो र 'चतुर' नै छ। यो पनि अन्य सबै एलएलएमहरूले प्रदर्शन गरेकै जस्तो आफ्ना डाटाका ग्याप भर्न गलत उत्तर दिने वा बनावटी 'तथ्यहरू' सिर्जना गर्ने 'मतिभ्रम (हेलुसिनेसन्स)'बाट ग्रसित छ।

राष्ट्रपतिको शपथ समारोहमा सिट सुरक्षित गर्नेलगायतका राजनीतिक प्रभाव पार्न सकेको अतिशयोक्तिपूर्ण प्रचारबाजीले गर्दा नै हो।

यो एउटा तरिका पनि हो, जसले एआईलाई ठुलो वैज्ञानिक खोजभन्दा पनि ठुलाभन्दा ठुला मोडेलहरू निर्माण गर्दै, भीमकाय डाटासेटहरूको अनुप्रयोग गर्दै, थप विशाल कम्प्युटेसनल शक्तिको तैनाथी गर्दै 'स्केलिङ अप'को बलपूर्ण रणनीतिको माध्यमबाट अगाडि बढाउन खोज्छ। यो दृष्टिकोण वा तरिकालाई चुनौती दिन खोज्नुमा नै डिपसिकको विघटनकारी क्षमता सन्निहित छ। जेनेरेटिभ एआईका श्रेष्ठतम मोडेलहरू सरहका मोडेल कम कम्प्युटेसनल पावर र थोरै लगानीमै पनि उत्पादन गर्न सकिन्छ भन्ने यसले देखाइदिएको छ।

डिपसिपको प्रचारबाजी केहीहदसम्म एआईकै हाइपको प्रतिबिम्ब हो। यो भूराजनीतिक तनावको प्रतिबिम्ब पनि हो। डिपसिक अमेरिकी विश्वविद्यालयका प्रविधिज्ञहरूले निर्माण गरेका हुन्थे भने सम्भवतः यसको सराहना नै हुने थियो, विगत दुई हप्तादेखिको विश्वव्यापी कोलाहल पनि हुने थिएन। यो कोलाहलभित्र डिपसिकको चिनियाँ स्वामित्व र चिनियाँ मूलप्रतिको डर छिपेको छ।

डिपसिकको भूराजनीतिप्रतिको अतिशय झुकावले हामीले यसबाट सिक्नुपर्ने शिक्षालाई नै विकृत पारिदिन सक्छ। यस्तो महत्त्वपूर्ण प्रविधिलाई थप खुला बढाउँदै लाने डिपसिकको वचनबद्धता चिनियाँ उत्पादनप्रतिको भयभावमा उपेक्षित हुन पुगेको छ। डिपसिकजस्ता मोडेलले एकदमै सही रूपमा उब्जाएका गोपनीयता, सेन्सरसिप र निगरानीबारेका भय चिन्ताले यस्ता मुद्दाले चीनबाट आएका मात्र होइन सम्पूर्ण एआई टेक्नोलोजीलाई नै लाञ्छित गर्छ भन्ने तथ्य उजागर हुनबाट रोक्न मद्दत गर्न सक्छ। विशेषगरी आसन्न व्यापार युद्ध र लोकतन्त्र खतरा परेको समयमा यस अतिरञ्जित प्रचारबाजी र भयभावबीच भेद खुट्याउने हाम्रो क्षमता थप महत्त्वपूर्ण बन्न पुग्छ।

*(केनान मलिक गार्जियनका स्तम्भकार हुन्। गार्जियनबाट **नारायण शिवाकोटी**को अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २६ माघ ०८१

निरन्तर घट्दै दूरसञ्चार राजस्व

पछिल्लो ६ वर्षमा टेलिकमले सरकारलाई तिर्ने आयकर ६५ प्रतिशतले गिरावट, एनसेलले सरकारलाई बुझाएको कुल राजस्व ७३ प्रतिशत घट्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारी ढुकुटीमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको दूरसञ्चार राजस्व घट्दै गइरहेको छ। नियमनबाहिर रहेका ह्वाट्स एप, भाइबर, म्यासेन्जरजस्ता ओटिटी प्लेटफर्मको बढ्दो प्रयोगले टेलिकम कम्पनीको राजस्व योगदान घट्दै गएको हो।

राजस्व क्षेत्रमा दूरसञ्चार क्षेत्रको व्यापार ओटिटी प्लेटफर्मले खोसिरहेका कारण दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको आम्दानी घटिरहेकाले पनि उनीहरूले तिर्ने करमा कमी आएको वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट दुर्गा ज्ञवालीको विश्लेषण छ। उनका अनुसार ओटिटी प्लेटफर्मको प्रयोग गर्दा इन्टरनेटको प्रयोग हुने भएकाले इन्टरनेट सेवाप्रदायकले तुलनात्मक लाभ लिइरहे पनि भ्वाइस र डेटामा आधारित दूरसञ्चार सेवाप्रदायकको आम्दानी प्रभावित भएको छ।

उनले भने, 'नेपालको राजस्वमा वर्चस्व राख्ने नेपाल टेलिकम र एनसेलको आम्दानी प्रभाव भएकाले नै राजस्वमा कमी आएको हो। संयुक्त अरब इमिरेट्सजस्ता मुलुकले ओटिटीमा प्रतिबन्धित बेटिङजस्ता स्वदेशी ओटिटी प्लेटफर्म सञ्चालन गरेर पनि राजस्व गुम्न नदिने उपाय लगाएका छन्। हाम्रो देशमा पनि विकल्प सोच्ने वेला आएको छ।'

आर्थिक वर्ष ०७९/८० मा सर्वाधिक कर तिरेर उत्कृष्ट करदाताको सम्मान थापेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)ले ६ वर्षयता सरकारलाई तिर्दै आइरहेको आयकरमा झन्डै ६५.११ प्रतिशतको गिरावट आएको छ। आव ०७५/७६ मा नेपाल टेलिकमले चार अर्ब ८७ करोड आयकर तिरेकोमा ०८०/८१ मा आइपुग्दा एक अर्ब ७० करोड मात्रै आयकर बुझाएको छ। आव ०७६/७७ को तुलनामा त ७५ प्रतिशतले नै घटेको देखिन्छ। सो आवमा टेलिकमले ६ अर्ब ९१ करोड ३० लाख रुपैयाँ आयकर तिरेको थियो।

त्यस्तै, मूल्य अभिवृद्धिकर (भ्याट)मा २४.८४ प्रतिशतले गिरावट आएको छ। आर्थिक वर्ष ०७५/७६ मा चार अर्ब ६० करोड भ्याट तिरेकोमा ०८०/८१ मा तीन अर्ब १४ करोड मात्रै तिरेको नेपाल टेलिकमले जनाएको छ। भन्सार शुल्कबापत टेलिकमले आव ०८०/८१ मा १७ करोड ५१ लाख रुपैयाँ तिरेको थियो। ६ वर्षअघि ०७५/०७६ मा यस्तो शुल्कबापत ४८ करोड ३१ लाख रुपैयाँ तिरेको थियो। अर्थात् भन्सार शुल्कबापत टेलिकमबाट उठ्ने राजस्वमा ६३.७५ प्रतिशतले कमी आएको छ।

■ आर्थिक वर्ष ०७९/८० मा सर्वाधिक कर तिरेर उत्कृष्ट करदाताको सम्मान थापेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)ले ६ वर्षयता सरकारलाई तिर्दै आइरहेको आयकरमा झन्डै ६५.११ प्रतिशतको गिरावट आएको छ।

■ आर्थिक वर्ष ०७५/७६ मा ७६ अर्ब ६७ करोड रुपैयाँ कुल राजस्व तिरेको एनसेलले आव ०८०/८१ मा आइपुग्दा २० अर्ब ३० करोड रुपैयाँ मात्रै तिरेको छ।

● **प्रदीप पौड्याल**, सहायक प्रवक्ता
नेपाल दूरसञ्चार, प्राधिकरण



राजस्वका आधारमा भ्वाइस सेवाको बजार हिस्सा खस्किँदै गइरहेको र त्यसको हिस्सा इन्टरनेट सेवाले ओगट्दै गएको छ। यो अवस्थामा यस क्षेत्रलाई प्रभाव पार्ने कर र शुल्कहरूलाई समयसापेक्ष बनाउँदै लगानीलाई प्रोत्साहन गर्ने प्राधिकरणको योजना छ।

● **दुर्गा ज्ञवाली**, वरिष्ठ
चार्टर्ड एकाउन्टेन्ट



राजस्व क्षेत्रमा दूरसञ्चार क्षेत्रको व्यापार ओटिटी प्लेटफर्मले खोसिरहेका कारण दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको आम्दानी घटिरहेकाले पनि उनीहरूले तिर्ने करमा कमी आएको छ।

पछिल्लो समय इन्टरनेटको बढ्दो प्रयोग र भ्वाइस सेवा खपतमा आएको कमीले दूरसञ्चार सेवाप्रदायकको आम्दानी घट्दै जाँदा राजस्व पनि कम भएको बताए।

नेपाल दूरसञ्चार प्राधिकरणका सहायक प्रवक्ता प्रदीप पौड्यालले राजस्वका आधारमा भ्वाइस सेवाको बजार हिस्सा खस्किँदै गइरहेको र त्यसको हिस्सा इन्टरनेट सेवाले ओगट्दै गएको बताए। उनका अनुसार आव ०७५/७६ मा भ्वाइस सेवाको बजार हिस्सा ८९ प्रतिशत रहेकोमा आव ०७९/८० मा आइपुग्दा ७७ प्रतिशत छ। यो अन्तरालमा इन्टरनेटको वर्चस्व ११ प्रतिशतबाट २३ प्रतिशत पुगिसकेको छ। यसले पनि इन्टरनेट सेवाप्रदायकको दाँजोमा दूरसञ्चार सेवाप्रदायकको राजस्वमा योगदान घटिरहेको प्रस्ट हुने उनको भनाइ छ।

■ राजस्व विभाग आफैं बेखबर

दूरसञ्चार क्षेत्र भन्नेबित्तिकै दूरसञ्चार सेवाप्रदायक र इन्टरनेट सेवाप्रदायक भन्ने बुझिन्छ। दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकम र एनसेलले सरकारलाई तिर्ने राजस्वको तथ्यांक वित्तीय विवरणमार्फत सार्वजनिक गर्दै आएका छन्। तर, इन्टरनेट सेवाप्रदायकबाट सरकारको ढुकुटीमा कति राजस्व जम्मा हुन्छ भन्ने तथ्यांक आन्तरिक राजस्व विभाग आफैंसँग छैन।

विभागका सूचना अधिकारी एवं निर्देशक वासुदेव पौडेलले एकीकृत कर प्रणालीबाट दूरसञ्चार सेवाप्रदायक कम्पनीहरू र इन्टरनेट सेवाप्रदायकले दाखिला गरेको रकमको अलग-अलग विवरण नदेखिने बताए। विभागले गत आर्थिक वर्ष ०८०/८१ को शीर्षकगत राजस्वको तथ्यांकमा भने नेपाल दूरसञ्चार सेवा शुल्क र टेलिफोन शुल्कको तथ्यांक अद्यावधिक गर्न थालेको उनले जानकारी दिए। आर्थिक वर्ष ०८०/८१ मा दूरसञ्चार सेवाप्रदायकले सरकारलाई दूरसञ्चार सेवा शुल्कबापत ६ अर्ब ८८ करोड ९१ लाख ४९ हजार रुपैयाँ तिरेका छन्। त्यस्तै, टेलिफोन शुल्कबापत एक अर्ब ४८ करोड ९७ लाख २९ हजार रुपैयाँ दाखिला भएको विभागले जानकारी दिएको छ।

इन्टरनेट सेवाप्रदायकको छाता संगठन इन्टरनेट सेवाप्रदायक संघ नेपाल (आइस्पान)का अध्यक्ष सुधीर पराजुलीले पनि सरकारलाई तिर्ने राजस्वको एकमुस्ट तथ्यांक नभएको बताए। उनका अनुसार सरकारलाई तिर्नुपर्ने प्रत्यक्ष कर नै ३८.८ प्रतिशत भएकाले अधिकांश इन्टरनेट सेवाप्रदायक कम्पनीहरूले आम्दानी कम देखाएर पनि कम राजस्व तिर्ने गरेको बताए।



जलविद्युत्को टेन्डरमा ऊर्जामन्त्रीले बदनियत राखेको सांसदको आरोप

मिलन विश्वकर्मा/नयाँ पत्रिका

तीन ठुला जलविद्युत् परियोजनाको टेन्डरमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बदनियत राखेको आरोप लगाउँदै सांसदहरूले कारबाही गर्न माग गरेका छन्। शुक्रबार पूर्वाधार विकास समितिको छलफलमा सत्तापक्षकै सांसदले समेत ऊर्जामन्त्री खड्कासहित सम्बन्धित व्यक्तिलाई कारबाही गर्न माग गरेका हुन्।

खड्कालाई विनासर्त १९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण जलविद्युत् आयोजनाको न्यूनतम ५१ प्रतिशत सेयर निश्चित व्यापारीलाई दिन लागेको आरोप छ। सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनी (भिुसिएल)सँग रहेका ती परियोजना काग्रेस सांसदद्वय विनोद चौधरी र डा. सुनील शर्मानिटक कम्पनीलाई दिन खोजिएको थियो।

अन्य परियोजनामा निःशुल्क विद्युत्, निःशुल्क सेयरलगायत सेयर बिक्री गरेर परियोजना निजी क्षेत्रलाई दिइन्छ। तर, ९३ अर्ब ८० करोड रुपैयाँ लागत अनुमानको किमाथांका अरुण र चार खर्ब ६० अर्ब रुपैयाँ लागत अनुमानको मुगु कर्णाली विनासर्त व्यापारीलाई दिन खोजिएको थियो। कार्यविधि पनि सोहीअनुसार बनाइएको थियो। तर, चौतर्फी विरोधपछि टेन्डर रद्द गरियो। टेन्डर रद्द गरेकै आधारमा संलग्नलाई छुट दिन नहुने सांसदहरूले बताएका छन्। समितिका सभापति दीपकबहादुर सिंहले भने थप छलफल गरेर यसबारे निर्णय गर्ने बताए।

१०६ मेगावाटको जगदुल्ला जलविद्युत् परियोजना निर्माणको १६ अर्बबराबरको टेन्डर पनि आफूनिकट कम्पनीलाई दिन मन्त्री खड्काकै नेतृत्वमा प्रतिस्पर्धी कम्पनीलाई चेक वितरण गरेको आरोप छ। यस सम्बन्धमा अख्तियारमा समेत मुद्दा परेको छ। यस्तै, मन्त्री खड्काले पूर्वाधार विकास समितिसँग जलस्रोत विधेयकसम्बन्धी छलफल बुढानीलकण्ठस्थित आफ्नै होटेल 'होली डे इन रिसोर्ट'मा गरेर सांसदहरूलाई प्रभावित बनाउन खोजेको आरोप छ।

नेकपा एमाले सांसद ठाकुरप्रसाद गैरेले ऊर्जामन्त्रीको मनसायमा स्वच्छता महसुस गर्न नसकेको बताए। 'उद्देश्य ठीक हुँदा-हुँदै पनि ऊर्जामन्त्रीको मनसायमा स्वच्छता किन महसुस गर्न सकिएन ? उहाँ सुरुदेखि नै विवादमा पर्दै आउनुभएको छ,' उनले भने, 'त्यो होटेल उहाँको भन्ने पनि थाहा थिएन। पूर्वाधार समितिका माननीयज्यूहरूलाई त्यहाँ राखेर प्रभावित बनाएको भन्ने समाचार आए। इमानदार भएर काम गर्दा पनि इज्जतमा दाग लाग्ने अवस्था आयो। हामीलाई दुरुपयोग गर्न खाजेको देखियो।'

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद निशा डाँगीले मुगु कर्णाली र किमाथांका अरुण स्वार्थ समूहलाई दिने गरी नै कार्यविधि बनेको बताइन्। 'यो मैले भनेको विषय होइन। ढाकछोप गरे पनि सबैतिर सर्वत्र छ। यति थाहा भइसकेपछि यत्तिकै छाड्ने हो कि कारबाहीको दायरामा ल्याउने हो ? के गर्ने हो ?' उनले भनिन्, 'ऊर्जा मन्त्रालय र मन्त्रीज्यूको जवाफ मात्रै सुन्ने हो कि कारबाहीको दायरामा पनि ल्याउने हो ? मन्त्रीज्यूको उद्देश्यलाई कसरी लिने ?'



ठाकुरप्रसाद गैरे
ऊर्जामन्त्रीको मनसायमा स्वच्छता महसुस गर्न सकिएन



माधव सापकोटा
टेन्डर रद्द गरेर मात्रै हुँदैन, कारबाहीको दायरामा ल्याउनुपर्छ



निशा डाँगी
स्वार्थ समूहलाई आयोजना दिने गरी नै कार्यविधि बनेको देखिन्छ, कारबाहीको दायरामा ल्याउनुपर्छ



प्रकाश ज्वाला
राम्रो आशयले टेन्डर आह्वान भएको देखिएन, यसमा मन्त्रीलगायतले स्पष्ट पार्नुपर्छ

यस्तै, माओवादी केन्द्रका सांसद माधव सापकोटाले गलत भएकै कारण टेन्डर रद्द भएको बताए। 'स्वच्छ ढंगले काम अघि बढाएको भए टेन्डर रद्द गर्नुपर्ने अवस्था नै आउने थिएन। तपाईंहरूले टेन्डर रद्द गरेर मात्रै हुँदैन, कारबाहीको दायरामा ल्याउनुपर्छ,' उनले भने।

एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले पनि किमाथांका अरुण र मुगु कर्णाली जलविद्युत परियोजनाको सेयर गलत नियतसहित बिक्री गर्न गर्न खोजिएको दाबी गरे। 'प्रि इनर्जी कति दिने भन्ने विषय त प्रस्तावमै आउनुपर्छ होला। सबै सम्झौता र प्रक्रिया सकिएपछि हुन्छ भन्ने कुरा त होइन। सेटिङ र मिलेमतोमै काम भएको देखिन्छ,' उनले भने, 'कुनै अमुक व्यक्तिको अमुक कम्पनीलाई नै दिने गरी कार्यविधि बनाइएको छ। समग्रमा राम्रो आशयले टेन्डर आह्वान भएको देखिएन। यसमा मन्त्री खड्कालगायतले स्पष्ट पार्नुपर्छ।'

माओवादी केन्द्रका सांसद शक्ति बस्नेतले आयोजनाबाट सरकारले निःशुल्क सेयर र बिजुली पाउने व्यवस्थालाई हटाउन खोज्नु राष्ट्रिय हितविपरीत हुने बताए। यस्तै, एमाले सांसद गोकर्ण विष्टले सर्त नतोकी प्रस्ताव आह्वान हुनु राम्रो नभएको बताए। 'कतै तपाईंहरूले कुनै अमुक कम्पनीसँग सल्लाह गरेर त्यो कम्पनीलाई ठयाक्क मिल्ने गरी कार्यविधि बनाइएको त होइन भनेर प्रश्न गरियो भने तपाईंसँग खण्डन गर्ने आधार नै छैन।' सबै चिज हेर्दा यो काममा पारदर्शिता, निष्पक्षता र इमान छ भनेर देखिन्छ ? भन्दै उनले प्रश्नसमेत गरे।

छलफलमा मन्त्री खड्काले सरकारको लक्ष्य पूरा गर्न सबै आयोजना एकै चोटि निर्माण गर्नुपर्ने बाध्यता रहेकाले किमाथांका अरुण र मुगु कर्णाली परियोजनाको सेयर बिक्री गर्ने गरी प्रस्ताव आह्वान गरेको बताए। यसमा कुनै खराब नियत नभएको र आफ्नो हात पनि नभएको उनको दाबी थियो।

बैंकिङ क्षेत्रविरुद्धको अराजक गतिविधि रोक्न माग

नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाहरूले बैंकिङ क्षेत्रविरुद्ध अराजक गतिविधि भइरहेको भन्दै त्यसलाई रोक्न माग गरेका छन्। बैंकिङ क्षेत्रसँग सम्बन्धित संघ-संस्थाले शुक्रबार विज्ञप्ति जारी गर्दै यस क्षेत्रविरुद्ध भइरहेको अराजक गतविधि रोक्न र संलग्नलाई कानुनी कारबाही गर्न माग गरेका हुन्।

नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघले संयुक्त विज्ञप्ति जारी गर्दै बैंक तथा वित्तीय संस्थाको नाम प्रयोग गरी गरिएको भ्रामक र गलत अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाएका छन्। 'सामाजिक सञ्जालहरूमा देखिने गलत तथा भ्रामक टिप्पणीमा कुनै ध्यान नदिनुहुन र सम्बन्धित सरोकारवाला निकायले गरेको सूचनालाई मात्र आधिकारिक रूपमा लिनुहुन अनुरोध गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ, 'आमसर्वसाधारणलाई त्रसित पार्ने, सामाज खलबल्याउने, गलत र आपत्तिजनक अभिव्यक्ति दिने र ग्राहकलाई बैंकिङ सेवा प्रयोग गर्ने अधिकारबाट वञ्चित गराउनेलाई कानुनको दायरामा ल्याई आवश्यक कारबही गर्नसमेत सरकारी निकायलाई आग्रह गर्दछौं।'

> वित्तीय संस्थाहरूको एक स्वर- बैंक तथा वित्तीय संस्थामा रहेको सर्वसाधारणको निक्षेप पूर्ण सुरक्षित छ, भ्रम फैलाउनेलाई कारबाही गर्नुपर्छ

बैंक, वित्तीय तथा लघुवित्त संस्थाहरूमा जोखिम बहन गर्ने क्षमता भएको र आजका दिनमा यी संस्थाहरू सुरक्षित रहेको उनीहरूले स्पष्ट पारेका छन्। यस क्षेत्रलाई खलबल्याउन केही अराजक गतिविधि भइरहेको र सामाजिक सञ्जालमा समेत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको नाम प्रयोग गरी प्रेषित गरिएका केही भ्रामक र गलत अभिव्यक्ति आएको उनीहरूले बताएका छन्।

बैंक तथा वित्तीय संस्थामा रहेको सर्वसाधारणको निक्षेप पूर्ण रूपमा सुरक्षित रहेको उनीहरूले जनाएका छन्। विज्ञप्तिमा उल्लेख छ, 'यस संघसँग सम्बन्धित सबै बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपकर्ताको रकम पूर्ण रूपमा सुरक्षित रहेको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनबमोजिम प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको पाँच लाखसम्मको निक्षेप नेपाल सरकारद्वारा स्थापना गरिएको 'निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत सुरक्षण गरिएको छ।'

त्यस्तै, नेपाल मुद्रा विप्रेषक संघले पनि शुक्रबार नै विज्ञप्ति जारी गरेर बैंक तथा वित्तीय संस्थाप्रतिको भ्रामक प्रचारप्रति ध्यानाकर्षण भएको जनाएको छ। संघले गलत गर्नेलाई कानुनी दायरामा ल्याउन मागसमेत गरेको छ।

अलपत्र शीतभण्डार सञ्चालन गर्न लेखा समितिको निर्देशन

मकवानपुरमा **पोष्टराज अधिकारी**

अलपत्र अवस्थामा रहेका बागमती प्रदेशका १२ वटा शीतभण्डार तत्काल सञ्चालनका लागि बागमती प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ। समितिको शुक्रबार बसेको बैठकले बागमती प्रदेश सरकारको एक अर्ब रुपैयाँभन्दा बढी लगानीमा निर्माण सम्पन्न शीतभण्डारहरू आगामी चैत महिनाभित्र सञ्चालनमा ल्याउन निर्देशन दिएको हो।

बागमतीका नौ जिल्लाका १२ स्थानमा निर्माण भएका शीतभण्डारहरू सञ्चालनमा आउन सकेका छैनन्। ती शीतभण्डारमा बागमती सरकारको करिब एक अर्ब ६ करोड ७३ लाख रुपैयाँ लगानी रहेको छ। समितिले प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई तत्काल सरोकारवाला निकायसँग सम्झौता गरी शीतभण्डार सञ्चालनमा ल्याउन निर्देशन दिएको सभापति श्रीराम लामिछानेले जानकारी दिए।

प्रदेशको साबिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपक्षी विकास मन्त्रालय) र साझेदार संस्थाहरूसँगको सहकार्यमा एक वर्षभित्र निर्माण सक्ने गरी २५ असार ०७६ मा पहिलो चरणका आठ, ३० असारमा दोस्रो चरणका दुई र १३ माघमा तेस्रो चरणका दुई शीतभण्डार निर्माणका लागि ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो।

प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजी क्षेत्रको साझेदारीमा बनेका ६ शीतभण्डार सम्पन्न भएर पनि प्रयोगविहीन छन्, चार अधुरै छन् भने दुई ठाउँमा अझै निर्माण नै सुरु हुन सकेको छैन।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
सस्पेन्सन बृज डिभिजन
पुल्चोक, ललितपुर

निर्माण व्यवसायीहरुलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति : २०८१/१०/२६)

सस्पेन्सन बृज डिभिजन र तपसिल बमोजिमका निर्माण व्यवसायीहरुबिच विभिन्न ठेक्का अन्तर्गतका झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा शुरु सम्झौता अवधि (म्याद थप गरिएकोमा सो अवधि समेत) भित्र कार्य सम्पन्न गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्य सूचारु गरी कार्य सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, श्रोत परिचालनको भरपर्दो योजना सहित लिखित जानकारी कार्यालयमा पेश गर्नुहुन यो सूचना जारी गरिएको छ। अन्यथा खरिद सम्झौताको प्रावधान बमोजिम ठेक्का तोड्ने तर्फ कारवाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र. सं.	ठेक्का नं.	झोलुङ्गे पूलको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	आधिकारिक प्रतिनिधिहरु	ठेक्का सम्झौता गर्दाका बखतको प्रोप्राइटर	कैफियत
१	CTP-02/074/75	पिलम्पा, खोटाङ	निलगिरी निर्माण सेवा प्रा.लि., काठमाडौं	२०७५/०४/२३	श्री युवराज डाँगी	श्री युवराज डाँगी	
२	CTP-23/076/77	कुमालटार, इलाम फूलमायादह, इलाम सिद्धिखोला, इलाम बिमिरे नर्कटे, मोरङ लहनीटार, धनकुटा	अधिकारी/बिराट जे.भी., काठमाडौं	२०७७/०३/२९	श्री युवराज डाँगी	श्री डालनाथ अधिकारी श्री युवराज डाँगी	
३	CTP-37/076/77	दुङ्गे खोला, झापा	जगदम्बा/रुजन/युनिकर्न जे.भी., काठमाडौं	२०७७/०४/०१	श्री हरि बहादुर खड्का	श्री अर्जुन राई श्री रुजन खत्री श्री हरि बहादुर खड्का	
४	NCB-38/077/78	थुमी बुधेगरा, गोरखा लिखु, धादिङ	निलगिरी निर्माण सेवा प्रा.लि., काठमाडौं	२०७८/०६/१२	श्री युवराज डाँगी श्री श्याम बहादुर तामाङ	श्री युवराज डाँगी	
५	NCB-27/077/78	कमल खोला दोभान, झापा	कान्छाराम/युनिकर्न जे.भी., काठमाडौं	२०७८/०३/१०	श्री हरि बहादुर खड्का श्री रामकुमार श्रेष्ठ	श्री पूर्ण बहादुर तामाङ श्री हरि बहादुर खड्का	
६	NCB-28/077/78	रिउ खोला, चितवन	कान्छाराम/युनिकर्न जे.भी., काठमाडौं	२०७८/०३/१०	श्री हरि बहादुर खड्का, श्री दिपक चालिसे	श्री पूर्ण बहादुर तामाङ श्री हरि बहादुर खड्का	
७	CTP-49/076/77	सावा खोला रातमाटे, खोटाङ खिम्ती ज्यामीरे, रामेछाप	खम्पाचे/नाइल/रामेछाप जे.भी., काठमाडौं	२०७७/०३/२८	श्री बलराम श्रेष्ठ	श्री आङ दावा शेर्पा श्री बुद्धि बहादुर कार्की श्री बलराम श्रेष्ठ	
८	NCB-34/077/78	बिरिङ बाह्रादशी, झापा	अंशुबी/पुष्पाञ्जली/स्वर्णीम जे.भी., काठमाडौं	२०७८/०६/१३	श्री बसन्त बुढाथोकी	श्री बसन्त बुढाथोकी श्री नरेन्द्र कुमार श्रेष्ठ श्री विश्वराज खनाल	
९	CTP-37/077/78	वुवा खोला, खोटाङ दिप्पुङ, खोटाङ/उदयपूर गुफाडाँडा, सिन्धुपाल्चोक	टुवाचुङ/अन्सुबी/नेपाल फुलबारी जे.भी., काठमाडौं	२०७८/०६/१३	श्री रामबहादुर कटुवाल, श्री रामचन्द्र कार्की	श्री सुनिल राई श्री बसन्त बुढाथोकी श्री राम बहादुर कटुवाल	

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सामाजिक विकास महाशाखा
शिक्षा, युवा तथा खेलकूद शाखा

मन्टेश्वरी विद्यालयको स्वमित्व परिवर्तन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२६)

यस नगरपालिका अन्तर्गत संचालित तपसिल अनुसारको पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयको हक हस्तान्तरण गरी पाउँ भनी स्वामित्त्व परिवर्तनका लागि निर्णय तथा सनाखत-पत्र समेत संलग्न गरी यस नगरपालिकामा निवेदन दर्ता गराउनु भए अनुसार नगर शिक्षा समितिको मिति २०८१/०९/२४ को निर्देशनानुसार तपसिल अनुसारको पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयको हक हस्तान्तरण सम्बन्धमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।उक्त पूर्व-प्राथमिक (मन्टेश्वरी) विद्यालयसंग कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिखित निवेदन यस नगरपालिकामा पेश गर्नुहुन सम्बन्धित सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल :

१ भिजन मन्टेश्वरी म.थि.न.पा.१ लोहकन्थली (सञ्चालनमा रहेको) साविकमा सि.न.पा.-३,ओखलढुङ्गा स्थायी ठेगाना भएका महा प्रसाद खनाल, सहित (सोमनाथ खतिवडा, अम्बिका खतिवडा, रेखा कुमारी खतिवडा, लक्ष्मी देवी खतिवडा, मुना लक्ष्मी निरौला, अम्बिका गौतम, मिना थापा र बद्री दाहाल समेत) जम्मा ९ जनाको नाममा रहेको मा स्वामित्त्व परिवर्तन गरी धरान-१५, सुनसरी स्थायी ठेगाना भएका संचिता क्षेत्रीको नाममा कायम गर्न।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

थाइल्यान्डले जित्यो त्रिकोणात्मक सिरिज

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दुई वर्षपछि नेपालमा आयोजना भएको अन्तर्राष्ट्रिय महिला टी-२० आई क्रिकेट प्रतियोगिताको उपाधि थाइल्यान्डले जितेको छ। आयोजक नेपालसँगै नेदरल्यान्ड्स सम्मिलित टी-२० आई सिरिजमा थाइल्यान्डले सर्वाधिक १० अंक बटुलेर उपाधि जितेको हो। थाइल्यान्डले ६ खेलमा पाँच जित र एक हारको सामना गऱ्यो।

दोस्रो स्थानमा रहेको नेदरल्यान्ड्सले समान दुई जित र हारको सामना गरी आठ अंक जोड्यो। आयोजक नेपालले ६ खेल नै गुमायो। नेपालले एक अंक पनि बटुल्न सकेन। नेपाल क्रिकेट संघ (क्यान)ले सिरिजमा पाँच खेलाडीले अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गर्ने अवसर पाएको यो नै पहिलोपटक थियो। उपाधि दौडबाट टाढा भइसकेको नेपालले शुक्रबार थाइल्यान्डविरुद्धको अन्तिम खेलमा राजमती ऐरीलाई डेब्यु गराएको थियो। योसँगै एकै सिरिजमा पाँचजना खेलाडीले राष्ट्रिय टोलीमा डेब्यु गरेका हुन्।

२२ वर्षीया राजमती एपिएफ क्लबमा आबद्ध छिन्। उनले थाइल्यान्डविरुद्धको डेब्यु खेलमा १७ बलमा ११ रनको योगदान दिइन्। गत मंगलबार यू-१९ टोलीकी स्पिनर रचना चौधरीले थाइल्यान्डविरुद्ध डेब्यु गरेकी थिइन्। सुदूरपश्चिमकी खेलाडी रेवती धामी, यू-१९ टोलीकी विकेटकिपर अलिसाकुमारी यादव र बागमती प्रदेशकी तीव्र गतिकी बलर मनीषा उपाध्यायले पनि त्रिकोणात्मक सिरिजमा डेब्यु गरे।

सन् २००७ देखि अन्तर्राष्ट्रिय क्रिकेट खेलेको नेपालको महिला राष्ट्रिय टोलीमा ३७ खेलाडीले डेब्यु गरेका छन्। राष्ट्रिय टोलीमा अहिलेसम्म ओपनर सीता रानामगर लगातार छिन्। उनी सन् २००७ देखि टोलीकै मुख्य ओपनरका रूपमा छिन्।

सिरिजमा नेपाल सबै खेलमा पराजित

दुई वर्षपछि घरेलु भूमिमा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता खेल्न अवसर पाएको नेपाली महिला टोलीले सुखद र ऐतिहासिक बनाउन सकेन। थाइल्यान्ड र नेदरल्यान्ड्स सम्मिलित त्रिकोणात्मक टी-२० आईमा नेपालले कुल ६ खेल खेल्दा एकमा पनि जित निकाल्न सकेन। घरेलु टोली नेपालले सबै ६ खेलमा हारको सामना गऱ्यो।

नेपाल क्रिकेट संघ (क्यान)ले महिला क्रिकेटको स्तर उकास्न र खेलाडीलाई अन्तर्राष्ट्रिय म्याच एक्सपोजर प्रदान गर्न आयोजना गरिएको टी-२० आईमा नेपालले थाइल्यान्ड र नेदरल्यान्ड्ससँग समान तीन खेलमा हारको सामना गरेको थियो। सिरिजअन्तर्गत चौथो खेलमा मात्र नेपालले विपक्षीलाई कडा चुनौती दिन सफल भयो। थाइल्यान्डविरुद्धको खेलमा कम अन्तरले पराजित भयो। थाइल्यान्डले नेपाललाई पाँच रनले हरायो।

नेदरल्यान्ड्सले पाँचौं खेलमा नेपालमाथि १० विकेटको सानदार जित निकाल्यो। नेदरल्यान्ड्सले पहिलोपटक नेपालमाथि दशै विकेटको जित निकालेको हो। टी-२० आई सिरिजमा नेपालबाट पाँच खेलाडीले डेब्युको अवसर पाए। सिरिजमा नेपालको उपलब्धि नै यू-१९ टोलीकी पूजा महतोको रह्यो। उनले नेदरल्यान्ड्सविरुद्ध अर्धशतकीय प्रहार गरेकी थिइन्। सीता रानमगरले नेदरल्यान्ड्सविरुद्ध पाँच विकेटको प्रदर्शन गरिन्।

सिरिजमा नेपाली खेलाडी र प्रशिक्षकबिचको असमझदारी देखियो। कप्तान इन्दु बर्माले विदेशी प्रशिक्षकको खाँचो रहेको प्रतिक्रिया दिइन्। यसविपरीत प्रशिक्षक मनोज कटवालले महिला खेलाडी अल्छी भएको प्रतिउत्तर दिएका थिए। कटवालले खेलाडीको फिटनेसमाथि प्रश्न उठाएका थिए।

एकै सिरिजमा पाँच नेपाली खेलाडीले गरे डेब्यु

त्रिकोणात्मक टी-२० आई सिरिजमा घरेलु टोली नेपालले पाँच खेलाडीलाई अन्तर्राष्ट्रिय खेलमा डेब्यु गराएको छ। नेपालको महिला क्रिकेट इतिहासमा एकै सिरिजमा पाँच खेलाडीले अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गर्ने अवसर पाएको यो नै पहिलोपटक थियो। उपाधि दौडबाट टाढा भइसकेको नेपालले शुक्रबार थाइल्यान्डविरुद्धको अन्तिम खेलमा राजमती ऐरीलाई डेब्यु गराएको थियो। योसँगै एकै सिरिजमा पाँचजना खेलाडीले राष्ट्रिय टोलीमा डेब्यु गरेका हुन्।



● पूजाले जितिन् स्कुटर

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी अलराउन्डर पूजा महतो घरेलु मैदानमा भएको त्रिकोणात्मक टी-२० आई सिरिजमा उत्कृष्ट नेपाली खेलाडी घोषित भएकी छिन्। उनले यामाहा स्कुटर प्राप्त गरेकी छिन्। पूजाले समग्रमा ६ खेलमा १३४ रन बनाउनुका साथै तीन विकेट लिइन्। उनले नेदरल्यान्ड्सविरुद्धको खेलमा अविजित रहँदै अर्धशतक प्रहार गरेकी थिइन्। उनी नेपालका लागि सबैभन्दा बढी रन बनाउने र सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा चौथो स्थानमा रहिन्।



महिला टोलीमा पनि सुधार हुनेछ

● **पारस खड्का**, सचिव, क्यान

पहिला-पहिला महिला क्रिकेटको खेल हेर्न त्रिवि क्रिकेट मैदानमा खासै दर्शक आउँदैनथे। त्रिकोणात्मक सिरिजमा दर्शकको उपस्थिति उल्लेखनीय रह्यो। यो सिरिज हामीले जित्नुभन्दा पनि महिला खेलाडीको कमजोरी तथा बलियो पक्ष परीक्षण गर्नु थियो। अब यस्तो किसिमको क्रिकेट प्रतियोगिता आयोजना हुनेछ। यो केवल सुरुवात मात्रै हो। यस्तो सिरिज सन् २०२५ मा होम एन्ड अवे आधारको फर्म्याटमा थुप्रै हुनेछ। हाम्रा खेलाडी बल्ल दर्शकका दबाबअगाडि खेल्न सक्ने भएछन्। नतिजा बिस्तारै आउनेछ। यसपटक खेलाडीको प्रदर्शन क्यानले प्रत्यक्ष रूपमा देख्न पायो। अब महिला टोलीमा सुधार हुनेछ।



नेपालको ब्याटिङ र बलिङमा धेरै सुधार भयो

● **मनोज कटवाल**, प्रशिक्षक, नेपाल

सिरिजमा हामी लगातार ६ खेलमा पराजित भयौं। तर, प्रत्येक खेलमा हामीले आफूभन्दा माथिको टोलीविरुद्ध राम्रो खेल्यौं। नेपालले पहिलोपटक थाइल्यान्ड र नेदरल्यान्ड्सविरुद्ध कडा चुनौती दिन सफल भएको जस्तो लाग्छ। यस सिरिजमा एउटै मात्र कमजोरी पक्ष भनेको फिल्डिङ मात्र हो। यसबाहेक अरू पक्ष राम्रो भयो। ब्याटिङमा थप सुधार गर्नुपर्छ। अनुभवी टोलीविरुद्ध खेल्दा हाम्रा खेलाडीले सिक्ने अवसर पाए। यसअघि नेपालले हङकङ, भुटान र मलेसियाविरुद्ध प्रतिस्पर्धा गर्थ्यो। त्यसबेला नेपालको कमी-कमजोरी खासै थाहा पाइँदैनथ्यो। यसपटक बलिया प्रतिद्वन्द्वीविरुद्ध खेल्दा कहाँ कमजोर भएको रहेछ प्रस्ट भयो। विशेषतः नेपाली खेलाडी फिल्डिङ पक्षमा कहाँ छन् भन्ने थाहा भयो। अहिले विश्व क्रिकेटमा नेदरल्यान्ड्स, आयरल्यान्ड र थाइल्यान्डजस्तो टोलीविरुद्ध खेल्दा कुन पक्षमा सुधार गर्नुपर्छ भन्ने थाहा भएको छ।

विधागत उत्कृष्ट प्रदर्शन गर्ने पाँच खेलाडी

धेरै रन

खेलाडी	देश	खेल	इनिङ्स	रन	अर्धशतक
कोन्चारोकै	थाइल्यान्ड	६	६	१६६	२
कालिस	नेदरल्यान्ड्स	६	६	१६०	१
पूजा महतो	नेपाल	६	६	१३४	१
डे लिडे	नेदरल्यान्ड्स	६	५	१२८	१
माल्केवोएर	नेदरल्यान्ड्स	६	६	११०	०

बलिङ

बलर	देश	खेल	इनिङ्स	विकेट	ओभर
पुथावाङ	थाइल्यान्ड	६	६	१६	२३
जे विलिङ	नेदरल्यान्ड्स	६	६	११	२४
काचोमयफु	थाइल्यान्ड	६	६	१०	१९
मनीषा उपाध्याय	नेपाल	६	५	७	१७
पी माया	थाइल्यान्ड	६	५	६	१५
सीता रानामगर	नेपाल	५	५	६	१६

एक इनिङ्समा सर्वाधिक रन

खेलाडी	देश	रन	बल	चौका	विरुद्ध
एस.कालिस	नेदरल्यान्ड्स	९८	६९	११	धनेपाल
पूजा महतो	नेपाल	६२	५१	५	नेदरल्यान्ड्स
कोन्चारोकै	थाइल्यान्ड	६०	५८	६	नेपाल
आर रिजके	नेदरल्यान्ड्स	५९	४८	८	नेपाल
डेलिडे	नेदरल्यान्ड्स	५२	५०	६	थाइल्यान्ड

एक खेलमा धेरै विकेट

बलर	देश	विकेट	ओभर	रन	विरुद्ध
सीता रानामगर	नेपाल	५	३	१२	नेदरल्यान्ड्स
पुथावाङ	थाइल्यान्ड	४	४	१०	नेपाल
वेलिङ	नेदरल्यान्ड्स	३	४	९	थाइल्यान्ड
काचोमयफु	थाइल्यान्ड	३	४	१०	नेपाल

नेपालका खेल

नेदरल्यान्ड्ससँग	२० रनको हार
थाइल्यान्डसँग	४ विकेटले पराजित
नेदरल्यान्ड्ससँग	१५ रनको हार
थाइल्यान्डसँग	५ रनको हार
नेदरल्यान्ड्ससँग	१० विकेटले पराजित
थाइल्यान्डसँग	७ विकेटले पराजित

बुढासुब्बा गोल्डकपमा एनआरटीको नजर ह्याट्रिक उपाधिमा



धरानमा **केदार बस्नेत**

साबिक विजेता न्युरोड टिम (एनआरटी) र चर्च ब्वाइज युनाइटेड शनिबार २५औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्दै छन्। एनआरटी दुईपटकको विजेता हो। एनआरटीले १०औं र २४औं संस्करण जितेको थियो। एनआरटीको नजर यसपटक ट्रफीमाथि ह्याट्रिक गर्ने हो।

चर्च ब्वाइज भने पहिलोपटकको सहभागीमै बुढासुब्बा गोल्डकपको च्याम्पियन हुने योजनामा छ।

यो सिजनमा एनआरटी र चर्च ब्वाइजले तीन गोल्डकपमा भिडेका छन्। जसमध्ये दुई खेल फाइनल रहे। एनआरटीले चर्च ब्वाइजलाई ३-० ले हराउँदै इलाम गोल्डकपको उपाधि जितेको थियो। झापा कपको उपाधि भिडन्तमा चर्च ब्वाइजले एनआरटीलाई ३-१ ले हराएको थियो। पोखरामा चलिरहेको २४औं आहारारा गोल्डकपको प्रिक्वार्टरफाइनलमा एनआरटी चर्च ब्वाइजसँग सडनडेथमा पराजित भएको थियो।

एनआरटीले पहिलो खेलमा केएफटीसी झापालाई ३-१ र भारतको युकेएफसीलाई पनि ३-१ गोलअन्तरले नै पराजित गरेको थियो। चर्च ब्वाइजले चारपटकको विजेता नेपाल पुलिस क्लबलाई १-० ले पराजित गर्दै सेमिफाइनल स्थान बनाएको थियो। फाइनल प्रवेश खेलमा भुटानको आरटिसीलाई ७-० को फराकिलो अन्तरले चर्च ब्वाइजले हराएको थियो। यो सिजनमा चर्च ब्वाइजले पाँचथरको फाल्गुनन्द गोल्डकपको उपाधिसमेत उचालिसकेको छ।

एनआरटीका टिम म्यानेजर श्याम मालीले चर्च ब्वाइजलाई हल्का रूपमा नलिने बताए। धरान रंगशालामा शुक्रबार भएको प्रि-म्याच कन्फरेन्समा उनले भने, 'चर्च ब्वाइज हाम्रो चिरपरिचित प्रतिद्वन्द्वी हो, यो टिम राम्रो छ। फाइनल खेल्न हाम्रो टिम पनि पूर्ण तयारीमा छ।' उनले बुढासुब्बा गोल्डकपको उपाधि तेस्रोपटक जित्न तयार भएको जनाए। 'हामीले दुईपटक बुढासुब्बा गोल्डकपको उपाधि उचालिसकेका छौं, फेरि तेस्रोपटक उचाल्न पूर्ण तयारीमा छौं,' मालीले भने।

■ एनआरटीलाई रोक्ने योजनामा चर्च ब्वाइज

चर्च ब्वाइज राम्रो टिम भएको एनआरटीका टिम कप्तान सरोज घिसिङले बताए। 'समग्रमा हाम्रो टिम पनि राम्रो छ, एक-अर्कालाई सपोर्ट गरेर खेल्छौं,' उनले भने। चर्च ब्वाइज पहिलोपटक उपाधि उचालेर इतिहास रच्ने सोचका साथ मैदानमा उत्रिँदै छ। चर्च ब्वाइजका प्रशिक्षक सुमन श्रेष्ठले एनआरटीलाई प्रमुख प्रतिस्पर्धीका रूपमा लिएको बताए।

'यसअघि हामीलाई एनआरटीले जितेको थियो, खेलमा केही भन्न सकिँदैन। हामी जित्ने मनस्थितिका साथ खेल्छौं,' उनले भने, 'धरानमा हामी उपाधि लिएर फर्कन्छौं।' उनले विदेशी खेलाडी घाइते भएकाले केही फरक पर्ने जनाए। चर्च ब्वाइजका कप्तान अनन्त तामाङले एनआरटी राम्रो टिम भएकाले अरू प्रतिद्वन्द्वीहरूको तुलनामा धेरै मिहिनेत गरेर खेल्ने बताए। 'एनआरटी राम्रो टिम हो। पर्फमेन्स राम्रो छ। मिडफिल्डर अझ राम्रो छ,' उनले भने, 'अरू क्लबको तुलनामा एनआरटीसँग खेल्न हामीले धेरै तयारी गरेर आउनुपर्छजस्तो लाग्छ।' विजेताले १० लाख र उपविजेताले पाँच लाख पुरस्कार पाउनेछन्।

तेस्रो जितका साथ अत्तरिया शीर्ष स्थानमा

अत्तरियाका विवेकले न्यु होराइजनविरुद्ध ब्याटिङमा ५१ रन तथा बलिङमा दुई विकेट लिए

धनगढीमा **तेजराज भट्ट**

सिवाइसी अत्तरियाले राष्ट्रिय अर्जुन ट्रफीमा लगातार तेस्रो जित निकाली समूह 'बी'को शीर्ष स्थान बलियो बनाएको छ। प्रतियोगिताको सेमिफाइनल स्थान बनाइसकेको अत्तरियाले शुक्रबार धनगढीको फाप्ला रंगशालामा न्यु होराइजन बुटबललाई ७८ रनको फराकिलो अन्तरले हरायो। पहिलो ब्याटिङ गरेको अत्तरियाले २० ओभरमा पाँच विकेट गुमाएर १८८ रन बनाएको थियो। प्रत्युत्तरमा होराइजनले २० ओभरमा आठ विकेट गुमाएर ११० रन बनाएको थियो।

समूह 'बी'मा अत्तरियाले तीन खेलबाट सर्वाधिक ६ अंक जोडेको छ। दोस्रो स्थानमा रहेको होराइजनले तीन खेलमा एक जित र दुई हारका साथ दुई अंक जोडेको छ। बैतडी र काठमाडौंले तीन खेलबाट समान दुई अंक बटुलेका छन्। रनरेटमा होराइजन दोस्रो स्थानमा रहेको हो।

पहिलो ब्याटिङ गरेको अत्तरियाका लागि राष्ट्रिय खेलाडी भीम सार्की र विवेक यादवले आक्रामक इनिङ्स खेलेका थिए। दुवैले चौथो विकेटका लागि ७७ रनको साझेदारी गरेका थिए। भीमले ३९ बलमा आठ चौकाको सहयोगमा ५८ रन जोडे। विवेकले ३८ बलमा समान तीन चौका र छक्का प्रहार गरी ५१ रनको योगदान दिए। भीम इनिङ्सको १८.१ ओभरमा आउट भए। उनी पेभेलियन फर्कंदा अत्तरिया १६३-४ को बलियो अवस्थामा थियो।

विवेकको अलराउन्ड प्रदर्शन

बुटवलको होराइजनले १८९ रनको लक्ष्य पछ्याउँदा गतिलो प्रदर्शन गर्न सकेन। कुनै पनि खेलाडीले अर्धशतकीय इनिङ्स खेलेनन्। अर्कोतिर ब्याटिङमा आक्रामक खेल देखाएका विवेकले बलिङमा धारिलो प्रदर्शन गरे। उनले चार ओभरमा दुई विकेट लिन ३३ रन खर्चेका थिए। यद्यपि, उनले प्रतिओभर ८.२५ रन खर्चे पनि होराइजनका महत्त्वपूर्ण विकेट हात पारेका थिए। सो इनिङ्समा अत्तरियाका लागि रासिद खानले तीन ओभरमा २१ रन दिएर दुई विकेट लिए। सहाव आलमले १६ रनमा दुई विकेट हात पारे।

ब्याटिङ र बलिङमा अलराउन्ड प्रदर्शन गरेका विवके म्यान अफ दी म्याच भए। होराइजनका लागि प्रतीक श्रेष्ठले २१ बलमा १८ रन बनाए। उनले एक छक्का प्रहार गरेका थिए। कप्तान तथा ओपनर दिलीप नाथले पाँच बलमा एक छक्काको सहयोगमा १० रन तथा निश्चल ज्ञवालीले १६ बलमा १२ रन बनाए। आरिफ खानले १० रन र तुलबहादुर थापाले १५ बलमा दुई चौका र एक छक्काको सहयोगमा १७ रन जोडे। होराइजनका ११औं क्रमका खेलाडी वीर मगरले केवल सात बलमा समान एक चौका र छक्का प्रहार गरी १५ रन जोडे।



आहारारा गोल्डकपको क्वार्टरफाइनलमा थन्डरबोल्ट

कास्कीमा **रोहितराज पराजुली**

सिक्किमको थन्डरबोल्ट युनाइटेड क्लब २४औं आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा शुक्रबार भएको प्रिक्वार्टरफाइनलमा संकटा क्लबलाई ३-१ ले हराउँदै थन्डरबोल्ट अन्तिम आठमा पुगेको हो। तीनपटकको विजेता संकटाले सुरुवाती अग्रता रक्षा गर्न नसक्दा प्रिक्वार्टरफाइनलबाट बाहिरिएको हो। संकटाले खेलको १७औं मिनेटमा १-० को अग्रता लिएको थियो। संकटाका मनीष पौडेलले अग्रता गोल गरेका थिए। उनले पासाङ लामाको सटीक पासमा सहजै गोल गरेका हुन्।

थन्डरबोल्टले संकटाको अग्रता लामो समयसम्म टिकाउन दिएन। खेलको ३५औं मिनेटमा थन्डरबोल्टले पेनाल्टीमा गोल गर्दै खेलालाई १-१ को बराबरीमा पुऱ्यायो। संकटाका खेलाडीले डिबक्समित्र विपक्षी टोलीका खेलाडीलाई लडाएपछि पेनाल्टी पाएको थियो। पहिलो हाफमा दुवैतर्फबाट थप गोल भएन। दोस्रो हाफमा थन्डरबोल्टले दुई गोल थप्दै जित निकाल्यो। खेलको ७७औं मिनेटमा थन्डरबोल्टका करण राईले टोलीलाई २-१ को अग्रता दिलाए। करणले आन्द्रेको क्रसमा डिबक्सबाट गोल गरेका हुन्।

संकटाका डिफेन्डर र गोलरक्षक दीप कार्कीले करणले प्रहार गरेको बल रोक्ने कुनै अवसर पाएनन्। दोस्रो गोलपछि सहज स्थितिमा फर्किएको थन्डरबोल्ट त्यसपछि आत्मविश्वासी देखियो। थन्डरबोल्टका आदर्श तामाङले ८४औं मिनेटमा टोलीलाई ३-१ को अग्रता दिलाए। उनले मैदानको मध्यभागबाट एकल प्रयासमा उत्कृष्ट गोल गरेका हुन्। प्रतियोगिताबाट संकटासँगै आयोजक सहारा र एपिएफ क्लब बाहिरिसकेका छन्।

खेलाडीबिच तालमेल मिलेन

सोनाम छिरिङ, प्रशिक्षक, थन्डरबोल्ट


संकटाविरुद्धको खेल राम्रै भयो। तैपनि, टोलीको तालमेल मिलेको थिएन। आगामी खेलमा यसलाई सुधार गर्दै लैजानुपर्छ। हामीमा खेल जित्छौं भन्ने विश्वास थियो। क्वार्टरफाइनलमा थप दुई खेलाडी आउनेछन्। त्यसपछि यो टोली थप बलियो हुनेछ।

हाम्रो बेन्च बलियो भएन

रवीन्द्र सिलाकारा
प्रशिक्षक, संकटा

हाम्रो बेन्च बलियो नहुँदा नै पराजित भएको हो। सिजनमा खेल जुधेकाले समस्या भइरहेको छ। एक समयमा गोल्डकपहरू आयोजना भइरहँदा पहिलो रोजाइका खेलाडी छरिएका छन्। टोलीको ब्याक अप पनि भएन। हामीले लय बिगारेका कारण हार्‍यौं।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com